महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## थाक्रे गाउँपालिका, धादिंग

## ८०३३०५०७३००

## थाक्रे गाउँपालिका , धादिङ

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-७-११

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
थाक्रे गाउँपालिका, धादिंग ,
थाक्रे गाउँपालिका , धादिङ

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।०८१ विनियोजन।राजस्व।धरौटी।अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१।६।९ मा छलफल पश्चात तयार गरिएको प्रारम्भिक प्रतिवेदन पाना ६२ यसै साथ संलग्न छ ।
कार्यालयबाट पेश भएको आर्थिक विवरण प्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिन भित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समय भित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखा उत्तदायी अधिकृत र कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

लेख प्रसाद लामिछाने
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिँहदरबार काठमाडौं, प्रतिवेदन संलग्न छ। , accounts@mofaga.gov.np
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय बाग्मती प्रदेश,प्रतिवेदन संलग्न छ। , ptco.makwanpur@gmail.com
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धादिङ्ग । प्रतिवेदन संलग्न छ। , dhading.dtco@fcgo.gov.np

# परिचय

१ **लेखापरीक्षण**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । हाल यस गाउँपालिकामा ११ वटा वडाहरु छन् । थाक्रे गाउँपालिकाको क्षेत्रफल ९६.४१ वर्ग कि.मी. रहेको छ । यसको सिमाना पूर्वमा धुनिबेशी न.पा, पश्चिममा गल्छी गा.पा, उत्तरमा गल्छी गा.पा. र नुवाकोट जिल्ला र दक्षिणमा मकवानपुर जिल्ला रहेको छ । काठमाण्डौबाट यस गाउँपालिका ३२.५ कि.मी. दूरीमा रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जनसंख्या ३२,९१४ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।६।६ देखि २०८१।६।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजस्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. **८४४०३५९४४**, आय – व्ययतर्फ रु. ०, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. **८४४०३५९४४** को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५९३५५१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| भौ न र मिति | नाम | बैङ्कको नाम | रकम | खाताको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १२५।०८१।२।२७ | बाघभैरव आवि लगायत १३ विद्यालय | राष्ट्रिय वाणिज्य बैंक | ३७६०० | संघिय सञ्चित कोष | छात्रवृत्ति वितरण बाँकि रकम दाखिला |
| विभिन्न | राष्ट्रिय आवि लगायत ४ विद्यालय | राष्ट्रिय वाणिज्य बैंक | ४६०६० | संघिय सञ्चित कोष | दिवा खाजा बढि निकासा रकम दाखिला |
| विभिन्न | जनता आवि र लालीगुँरास आवि | राष्ट्रिय वाणिज्य बैंक | ८६९२ | संघिय सञ्चित कोष | निःशुल्क पाठ्यपुस्तक बचत रकम दाखिला |
| विभिन्न | नवज्योति मावि लगायत ३७ विद्यालय | प्रभु बैंक | ४७११९९ | पालिका आन्तरीक खाता | ०८१ असाढ महिनाको बा.वि.स. र विद्यालय कर्मचारीको तलब बढि निकासा रकमवापत (पालिकाबाट थप जाने अनुदान) |
| विभिन्न | लक्ष्मि भुजेल | प्रभु बैंक | ३०००० | पालिका आन्तरीक खाता | पार्श्वचित्र प्रकाशन नगरी भुक्तानी दिएको |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१<br>प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| आर्थिक संकेत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
| ११००० | कर | ११,९३,१३,३५८.२८ | १३,०९,५२,८८९.९४ |
| १३००० | अनुदान | ४०,२१,१९,५८५.८० | ५०,०२,९५,५००.०० |
| १४००० | अन्य राजस्व | ६,९०,८३,३१७.३० | १२,४९,५१,१८६.८० |
| १५००० | विविध प्राप्ति | २४,१३७.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | ५९,०५,४०,३९८.३८ | ७५,६१,९९,५७६.७४ |
| ३ | चालु | ४३,५६,१७,९१५.५३ | ४५,३९,००,८३१.४३ |
| २१००० | पारिश्रमिक / सुविधा | २६,५६,०४,३००.९० | २६,४७,४७,४१३.६५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ११,५१,६६,६८१.४० | ९,८२,४७,२००.१३ |
| २५००० | सहायता (Subsidy) | २९,७०,१९५.०० | ६५,९१,९२७.०० |
| २६००० | अनुदान | ०.०० | ५,४६,०४८.०० |
| २७००० | सामाजिक सुरक्षा | १,०७,१८,९७७.५५ | १,७३,८२,३००.६५ |
| २८००० | अन्य खर्च | ४,११,५७,७६०.६८ | ६,६३,८५,९४२.०० |
| ४ | पूंजीगत | २०,८८,३३,९५९.०० | ४२,२०,०९,८१४.०२ |
| ३१११० | भवन तथा संरचना | ५४,५८,३१७.०० | ६,५८,९९,४९१.२२ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ६७,५८,३३३.०० | १,६६,६७,४१९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४,००,०००.०० | ३२,४०,१२६.०० |
| ३११४० | सुरक्षा उपकरण | ०.०० | २,०१,८०७.०० |
| ३११५० | सार्वजनिक निर्माण | १९,६०,१७,३०९.०० | ३३,४७,५०,९७०.८० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २,००,०००.०० | १२,५०,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | ६४,४४,५१,८७४.५३ | ८७,५९,१०,६४५.४५ |
| ग) | बचत /कमी (ग = क-ख ) | (५,३९,११,४७६.१५) | (११,९७,११,०६८.७१) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (८६,०४,४४१.३८) | ५८,१५,८७३.०० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (२७,६५०.००) | (३,९१,४०५.९४) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (६,२५,१५,९१७.५३) | (११,३८,९५,१९५.७१) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७,९१,८८,९९०.२३ | १९,३०,८४,१८५.९४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १,६६,७३,०७२.७० | ७,९१,८८,९९०.२३ |

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालिबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, सामाजिक सुरक्षा र अन्य विषयगत निकाय समेतको जम्मा रु.१५१७८५०१५ को सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको छ । एकिकृत आर्थिक विवरण र सुत्रअनुसारको प्रतिवेदनमा फरक देखिएको जिम्मेवारी अ ल्या, प्राप्ति एवं भुक्तानीको हिसाव यकिन गरी बैंक मौज्दात् को फरक परेको हिसाव यकिन समयोजन गर्नुपर्दछ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गरी आम्दानी खर्चमा पारदर्शिता कायम गर्नुपर्दछ ।

आयव्यय विवरण

आ.व २०८०।८१

थाक्रे गाउँपालिका

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ७५२५०३६९ | १ | चालु खर्च | ४३५६१७९१५ | ४३५६१७९१५ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | २०८८३३९५९ | २०८८३३९५९ |
| | ख) बैंक | ६४६८४३१७ | | ३ | धरौटी फिर्ता भुक्तानी | ६०४०७३१ | ६०४०७३१ |
| | ग धरैटी अल्या | १०५६६०५२ | | ४ | विविध खर्च खाता बाट भुक्तानी | ४४९५०५६ | ४४९५०५६ |
| २ | राजस्व ( आन्तरिक आय) | | १८६७६७६४३ | ५ | सामाजिक सुरक्षा खर्च | १४६९८६८५६ | १४६९८६८५६ |
| | क) आन्तरिक राजस्व | ४३४३८८२७ | | ६ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २०५५००० | २०५५००० |
| | ख) राजस्व बाँडफाँड स्थानिय | ४१७८१६९३ | | ७ | लगानी | | |
| | ग) राजस्व बाडफाड संघ | ८१४३०८७६ | | | ऋण लगानी | | |
| | घ) राजस्व बाडफाड प्रदेश | २०११६२४८ | | | शेयर लगानी | | |
| | अन्य आय | | | | अन्य लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३६२९३८५७१ | ८ | मौज्दात | | ३९९६९८१३ |
| | क) वित्तिय समानीकरण अनुदान | १३३९६३००० | | | क) बैंक मौज्दात | २५१८३०९७ | |
| | ख) सशर्त अनुदान | २१८२६४७५० | | | ख) धरौटी मौज्दात | ११२०३७५७ | |
| | ग) समपूरक अनुदान | ३८६९४२१ | | | ग विविध खर्च खाता मौज्दात | ३५८२९५९ | |
| | घ) विशेष अनुदान | ६८४१४०० | | ९ | विविध खर्च | ३६६१४ | ३६६१४ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६३७३८००० | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | १६८३६००० | | | | | |
| | ख) सशर्त अनुदान | १६९०२००० | | | | | |
| | ग) समपुरक अनुदान | २०००००००० | | | | | |
| | घ) विशेष अनुदान | १०००००००० | | | | | |
| ५ | अन्य | | २७४३१५९ | | | | |
| | क) पि एल जी यस पी | ३८०९९९ | | | | | |
| | ख) सडक बोर्ड नेपाल | २३६२१६० | | | | | |
| ६ | धरौटी आय | ३५५६३४५ | ३५५६३४५ | | | | |
| ७ | सामाजिक सुरक्षा | १४६९८६८५६ | १४६९८६८५६ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २०५५००० | २०५५००० | | | | |
| | जम्मा | | ८४४०३५९४४ | | जम्मा | | ८४४०३५९४ |

***तुलना***

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ७९१८८९९०.२३ | ५९०५४०३९८.३ | ६४४४५१८७४.५३ | १६६७३०७२.७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७५२५०३६९ | ७६८७८५५७५ | ८०४०६६१३१ | ३९९६९८१३ |
| फरक | ३९३८६२१ | -१७८२४५१७७ | -१५९६१४२५६ | -२३२९६७४० |

सैद्धान्तिक बेरुजु

२.४ पालिकाको प्राप्ति तथा भुक्तानी हिसावमा देखाएको गत वर्षको वाँकि मौज्दात् रु. ७९१८८९९०.२३मा कुल प्राप्ति रु. ५९०५४०३९८.३जोड गरी कुल भुक्तानी रु. ६४४४५१८७४.५३ घटाउँदा अन्तिम मौज्दात् रु.२५२७७५१३।९९ वाँकि हुने देखिन्छ । तर कार्यालयले सुत्र प्रणाली प्रयोग गरी तयार गरेको वित्तिय विवरणमा वर्षान्तमा वाँकि मौज्दात् रु.१६६७३०७२.७ मात्र देखाएको छ । प्रणालीको हिसावमा अन्तिम मौज्दात् मा फरक (घटी) परेको रु.८६०४४४१।२९ का सम्वन्धमा यकिन गरी हिसाव पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.५ पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार मौज्दात् जिम्मेवारी रु. ७९५८०३९६.१७ रहेकोमा यस वर्ष पालिकाले सुत्रमा जम्मा रु. ७९१८८९९०.२३ मौज्दात् जिम्वारी सारेको छ । यसरी कम जिम्मेवारी सारेको रु.३९१४०५।९४ का सम्वन्धमा पालिकाले यकिन गरी हिसाव पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.६ पालिकाले एकिकृत आयव्ययको व्ययतर्फ विविध खर्च रु.३६६१४ जनाएकोमा उक्त खर्चको प्रयोजन, विल विजक तथा यथार्थता नखुलेकोले पालिकाले यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२.७ स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको अनुसुचि २४ मा श्रेस्ता तथा बैंक अनुसार फरक पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी हिसावमिलान गरेको छैन ।

| खाताको नाम | श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी |
|---|---|---|
| सञ्चित कोष | २५१८३०९७ | २५१८३०९७ |
| चालु खाता | ० | ० |
| पूँजीगत खाता | ० | ० |
| मर्मत खाता | | |
| कल्याण कोष तथा विविध कोष खाता | | १००० |
| प्रकोप व्यवस्थापन कोष खाता | ० | ० |
| विविध खर्च खाता | ७९४९५७ | ३५८२९५९ |
| नगर सरसफाई कोष खाता | ० | |
| धरौटी खाता | ११२४०३६९ | ११२४०३६९ |
| जम्मा | ३७२१८४२३ | ४०००७४२५ |

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार रु. ३७२१८४२३ वाँकि रहेकोमा वैंकमा जम्मा रु. ४०००७४२५ मौज्दात् देखाएको छ । यसरी श्रेस्ता भन्दा बैंकमा मौज्दात् बढी देखिएको रु. २७८९००२ का सम्वन्धमा पालिकाले यकिन गरी श्रेस्तामा आम्दानी बाँध्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२.८ **विभाज्य कोषको रकम** - पालिकाले विनियोजन ऐन २०८० तथा आर्थिक ऐन २०८० अन्तर्गत दहत्तर वहत्तर शुल्क वापत रु.४,०६,७७,५१४.० असुली गरेको जनाएको छ । उक्त आयका सम्वन्धमा वाँडफाँड गर्न वाँकी रु. ५४,२१,३८२ पालिकाको वर्षान्तसम्म आन्तरिक राजस्व खातामा दाखिला गरेकोले सो राजस्व रकम नियमानुसार वाँडफाड गर्नुपर्नेमा नगरी पालिकाकै खातामा राखेको पाईयो । विनियोजन ऐन तथा स्थानिय सरकार सञ्चालन ऐन अनुसार वाँडफाँड गरी ऐनले तोकेअनुसारको अनुपातमा सञ्चित कोष खातामा पठाउनुपर्ने देखिएको रु.

| शीर्षक | चालु आ.ब. | | | | |
|---|---|---|---|---|---|
| | कोषमा संकलन भएको रकम | बाँडफाँड भएको रकम | | | बाँडफाँड हुन बाँकी रकम |
| | | संघ | प्रदेश | स्थानिय | |
| दहत्तर बहत्तर शुल्क | ४,०६,७७,५१४.०० | कर दाखिला | १,६४,३९,५५८.४० | २,९६,५९,३३७.६० | ५४,२१,३८२.०० |
| जम्मा | ४,०६,७७,५१४.०० | कर दाखिला | १,६४,३९,५५८.४० | २,९६,५९,३३७.६० | ५४,२१,३८२.०० |

| प्रमाण पेश नगरेको | ५४,२१,३८२ |
|---|---|

२.९ **कर दायित्व राजस्व दाखिला :**

आयकर ऐन २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानिमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ र दफा ९०(४) अनुसार कट्टि भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । तर पालिकाले आ व २०८०।८१ मा पालिकाले विभिन्न शिर्षकतर्फ कट्टि गरेको कर मध्ये वर्षान्तसम्म विभिन्न भुक्तानीहरुमा कट्टी गरी दाखिला वाकी रहेको कर दायित्व रु. २७,६५० देखाएको छ । यकिन

भई सकेको उक्त कर दायित्व लेखापरीक्षण अवधिसम्म पनी दाखिला गरेको नदेखिएकोले उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २७,६५० |
|---|---|

३ **समपुरक अनुदान फिर्ता**

बागमती प्रदेशबाट जारी गरिएको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा(४) अनुसार समपुरक अनुदानमा संचालित आयोजनाहरुको कुल बजेट खर्चमा कम्तिमा ५०% रकम स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था उल्लेख छ l त्यस्तै संघिय समपुरक अनुदान कार्यविधि समेतमा समान अनुपातमा लागत सहभागिता रहनुपर्ने उल्लेख छ । पालिकाले तपशिल बमोजिमका समपुरक योजनाहरुको भुक्तानी गर्दा स्थानीय समपुरक कोषबाट ५०% भन्दा कम भुक्तानी गरेकोले ५०% लागत सहभागिता नपुगेको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु. २६३९४७५

| योजना | पालिका अंश भुक्तानी | प्रदेश अंश भुक्तानी | प्रदेशवाट वढी भुक्तानी | प्रदेशमा फिर्ता गर्नुपर्ने |
|---|---|---|---|---|
| चिउरीपाटी आठकिला सडक वडा नं १० | ३०९२२९७ | ६६६३२६३ | ३५७०९६७ | १७८५४८४ |
| महादेवबेशी लुईकिल हाप्सेचौर सडक वडा नं ७ | ५६८०६२९ | ७३८८६१२ | १७०७९८३ | ८५३९९२ |
| | | | कुल जम्मा | २६३९४७५ |

| प्रमाण पेश नगरेको | २६,३९,४७५ |
|---|---|

४ **आन्तरिक लेखापरीक्षण नगराएको**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकामा आन्तरिक लेखापरीक्षक (पाँचौं) नवराज भट्ट नियुक्त भएतापनी निजवाट यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण भएको छैन । आन्तरिक लेखापरीक्षण नै नगरी मंसिर महिनादेखी पारिश्रमिक वापत रु.२७७८४० र प्रोत्साहन भत्ता, दैनिक भ्रमण भत्ता तथा वैठक वसेको समेत जनाई रु.१२०२५१ गरी कुल जम्मा रु.३९८०९१ भुक्तानी भएको पाईयो । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्नेमा सो नगरेकोले तोकेको काम नै नगरेको अवस्थामा पनि प्रोत्साहन भत्ता भुक्तानी दिने समेतलाई जिम्मेवार बनाउनुपर्दछ । उपरोक्त वमोजिम आन्तरिक लेखापरीक्षकको खर्च अनियमित देखिएको रु.

| अनियमित भएको | ३,९८,०९१ |
|---|---|

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो निर्देशिका तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल छ भनी विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यून तम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमा दिएको पाइएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य योजनाको आयोजना बैंक (Project bank) खडा गरेको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरी वडागत रुपमा बजेटको आधारमा योजना स्विकृत गरी कार्यान्वयन गर्दै आएकाले वजेट तथा कार्यक्रमको प्राथमिकिकरण हुन सकेको छैन ।

•अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको छैन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्वै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

•पालिकाले कार्यक्रमगत तथा योजनागत खर्च खाता राखेको छैन । यसवर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती प्रतिवेदन तयार गरेको पाईएन ।

•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन संयन्त्र मार्फत् कार्यान्वियन भएको छैन ।

• बैठक भत्ता भुक्तानी गर्दा आमन्त्रितको संख्या निर्देशिकाले तोके भन्दा बढी राखी भत्ता भुक्तानी गर्ने गरेको

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा मापदण्ड बनाएकोमा सो अनुरुपका आधारमा कन्टिन्जेन्सि खर्च गरेको पाईएन । योजनागत कन्टिन्जेन्सीको अभिलेख अद्यावधिक गरेको समेत देखिएन । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको, खर्च लेख्न नमिल्ने शिर्षकवाट भुक्तानी दिने गरेको छ ।

• कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा अधिकार प्राप्त अधिकारी तथा कार्यालय प्रमुख एवं प्रमुख प्रशासकिय अधिकृतवाट प्रमाणित नभएको ।

• डोर हाजिर फाराम प्रमाणित नगरेको ।

• मु अ कर विजकककका आधारमा थप दिएको मु अ कर मध्ये ३० प्रतिशत मुल्य अभिवृद्धि कर कट्टि नगरेको ।

• रसिद नियन्त्रण खाता नराखेको

• हाजिरी रजिष्टर अद्यावधिक नगरेको, हाजिरी केरमेट गरेको तथा विदा काज लगायतका विवरण अद्यावधिक नगरेकोले काज तथा हाजिरीमा कैफियत देखिएको

• वडावाट खरिद भएका जिन्सि सामान पाम्समा दाखिला नगरेको ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली तत्काल कायम हुने गरी आन्तरिक नियन्त्रण निर्देशिका जारी गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय आन्तरिक नियन्त्रण कायम गरी सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.९९ करोड १६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना तर्जुमा अख्तियारी प्रदान लगायतका कार्यको व्यवस्थापन गरी सेवा प्रवाहमा सहजता ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष वडा नं ९ को चालु शीर्षकमा रु. ९ लाख ६६ हजार १३५ बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी वडा समितिको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार पालिकाले सभावाट स्वीकृत निति तथा कार्यक्रम, बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पालिकाले २०८० आषाढमा आर्थिक वर्ष ०८०।८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस पालिकाको विभिन्न मितिको कार्यपालिकाको पटके निर्णयवाट विभिन्न २४ योजनाको ६,७४,९०,००० रकमान्तर गरी खर्च गरेको र आ व २०८१।८२ को वजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पुर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नहुने शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत देखिएन । तोकिएको सिमाभित्र तोकिएको शिर्षकमा नीति तथा कार्यक्रमले तोकिएको सिमा भित्र मात्र रकमान्तर गरी वजेट कार्यान्वियन प्रकृयालाई पारदर्शि बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **पालनाको लेखापरीक्षण**

९.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन योजनालाई भन्दा सालवसाली योजनाहरुलाई समावेश गरी कार्यान्वियन गर्दै आएको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन नगरेको कारण वजेट सिमा तोकेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.३ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन नहुँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम हुन सकेको छैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **निति तथा कार्यक्रम**

पालिकाको निति कार्यक्रम तथा वजेट वार्षिक योजना कितावको सि नं ३ पुर्वाधार विकास अन्तर्गत भौतिक पुर्वाधारको लागी तोकिएको कार्यक्रमको लागीगाउँपालिकाको पुर्वाधार निर्माण गर्दा लागत २० लाख भन्दा कम बजेट भएका आयोजनाहरु उपभोक्ता समितिमार्फत् र सो भन्दा माथिका आयोजनाहरु ई विडिङ्ग मार्फत् सञ्चालन गरिने उल्लेख छ । तर पालिकाले २० लाख माथिका योजना कार्यान्वयनमा उक्त नितिगत व्यवस्था लागु नगरेको पाईयो, यसरी नीति पालना नगर्नु उचित देखिएन । उदाहरणका लागी २० लाख माथिका योजना समेत सोझै सम्झौता गरी कार्यान्वयनमा गराएका व्यहोरा निम्नानुसार छन् ।

| विवरण | लागत अनुमान तथा सम्झौता |
|---|---|
| बालुवाफाट पैरे बत्तिसे सडक स्तरोन्नती उपभोक्ता समिति | ३०,००,००० |
| फेदि भञ्ज्याङ्ग सडक स्तारोन्ती निरन्तरता वार्ड नं ६ उ स | ३६,५१,४९४ |
| महादेवबेशी हाप्सेचौर सडक थाक्रे ५ ६ ७ उपभोक्ता समिति | २३,६४,६३२ |
| चण्डिथान नेवारटोल सडक, ग्राभेल सहित पक्की नाला निर्माण उपभोक्ता समिति | २३,७६,९२८ |
| ऐतिहासिक पौवा निर्माण पण्डितखोला वडा नं ९ उ स | २६,३५,५०८ |

सैद्धान्तिक बेरुजु

## ११ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागितामुलक, स्थानीय स्रोत र साधन उपयोग हुने, समावेशी विकास, दिगो र वातावरण संरक्षण, भाषिक र सांस्कृतिक विकासलाई प्राथमिकतामा राखेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडा र पालिकास्तरका योजनामा वजेट विनियोजन गरेकोमा निम्नानुसार ४०५ वटा योजनामा खर्च लेखेको पाईयो । आ.व. २०८०/८१ मा विनियोजित बजेटबाट सम्पन्न भएका योजनाको विवरण निम्न बमोजिम रहेको छ।

| | १ लाखसम्म | १ लाख-२ लाख | २ लाख-५ लाख | ५लाख - १० लाख | १०-५० लाख | ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडा स्तरिय | १६ | ३७ | १४३ | ५३ | १६ | | २६५ |
| पालिकास्तरिय | ४ | १० | ४७ | ३३ | ३७ | ९ | १४० |
| | | | | | | कुल जम्मा | ४०५ |

पालिकाले अधिकांश साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरणका आधारमा छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १२ भुक्तानी वाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी आ व

२०७९।८० को रु.८ करोड ९५ लाख ७१ हजार आ व २०८०।८१ मा भुक्तानी दिएको छ । त्यस्तै आ व २०८१।८२ को लागी रु.८ करोड ९० लाख ७९ हजार भुक्तानी वाँकी को अभिलेख तयार गरेको पालिकाले जनाएको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने प्रवृतिका कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहँदै आएको देखिएकोले वर्षेनि पालिकालाई दायित्व थपिने क्रम बढ्दै गएको देखिन्छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम वार्षिक लक्ष्य प्रगती कानुनमा तोकिएको समयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजना तथा कार्यक्रमको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । पालिकाले तोकिएअनुसार त्रैमासिक प्रतिवेदन तयार गर्ने र आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी तालुक निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने तोकेकोमा कार्यालयले वार्षिक प्रतिवेदन तयार गरेको छैन । नियमको पालना गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको समयमा पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी प्राथमिकिकरणका आधारमा खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ८४८२४४५० | ४२७१५६४८ | ७ |
| पूर्वाधार विकास | ३२६८४१००० | १५५४९१७८६ | २४ |
| सामाजिक विकास | ३८६१९६५२८ | २९२१४३४७३ | ४५ |
| बातावरण तथा विकास | | | |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | २५००००० | १७३५७९० | ०.३ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | १९१२०३२२५ | १५२३६५१७७ | २४ |
| | | ६४४४५१८७५ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटी अर्थात् ०.३ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका तोकेको पूर्वाधारतर्फ २४ प्रतिशत मात्र खर्च गरेकोले पूर्वाधारतर्फ थप वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ४३४३८८२७, राजस्व बाँडफाँडवाट रु. १४३३२८८१७र अनुदान समेत कुल जम्मा रु. ७६८७८५५७५ आम्दानी भएकोमा चालु तर्फ रु. ४४२२०४५८५ र पूँजिगत तर्फ रु. २०८८३३९५९ र वित्तीय ब्यबस्था तर्फ रु. १५३०२७५८७ समेत रु. ८०४०६६१३१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.४ प्रतिशत रहेको छ । यसवर्ष

पदाधिकारी सुबिधामा रु. 9139400 खर्च भएको छ जुन आन्तरिक आयको २१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५ प्रतिशत चालु, २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा र १९ प्रतिशत वित्तिय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भए बमोजिमको सूविधामा १२ महिनाको जम्मा रु.९१ लाख ३९ हजार खर्च लेखेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१७ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही कार्यविधि स्विकृत गरेर विविध खर्च औचित्यताको आधारमा गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले विविध खर्च शिर्षकबाट वडा कार्यालय एवं पालिकाको लागी यस वर्ष कूल रु.७५,७०,८१८ खर्च भएको देखिएको छ । यस्ता स्वविवेकिय खर्च गर्दा स्विकत निश्चित खर्चको मापदण्ड पारीत गरेर सो को परिधिभित्र रहेर खर्च गर्नुपर्नेमा यस्तो मापदण्ड हालसम्म पालिकाले स्विकृत गरेको छैन । पालिकाको आन्तरिक आय रु.४३४३८८२७ रहेकोमा स्विकृत कार्यक्रम वेगरको विविध खर्च आन्तरिक आयको १७.४३ प्रतिशत देखिन्छ । आन्तरिक आयलाई समेत विचार गरी विविध खर्चलाई स्विकृत मापदण्ड, कार्यविधि नहुँदा अत्याधिक अनुत्पादक खर्च हुने सम्भावना रहने हुँदा खर्चको मापदण्ड स्विकृत गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| वडा कार्यालय समेत विविध खर्च विवरण | विनियोजन रकम | खर्च रकम |
|---|---|---|
| भुक्तानी वाँकी विविध खर्च | २५००००० | २४३१४८२ |
| वडा नं ३ विविध खर्च | १, ०० , ०००.०० | ९९,९७१.०० |
| वडा नं ५ विविध खर्च | २, ०० , ०००.०० | १९७७५० |
| वडा नं ७ विविध खर्च | ४, ०० , ०००.०० | ५७,६१८.०० |
| वडा नं ९ विविध खर्च | १०, ०० , ०००.०० | ९६६१३५ |
| वडा नं १० विविध भैपरी | ५, ०० , ०००.०० | ३८०४३० |
| वडा नं ११ विविध भैपरी | ९००००० | ६८४००० |
| विविध गाउँपालिका | २८४०००० | २७५३४३२ |
| | कुल जम्मा | ७५७०८१८ |

सैद्धान्तिक बेरुजु

१८ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस वर्ष ऐन, नियमावली, कार्यविधि लगायत २ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको समेत हालसम्म ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड लगायत जम्मा १०४ वटा कानुन निर्माण गरी कार्यान्वयनमा आएको जानकारी प्राप्त भएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि यस्ता निर्माण भएका कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १९ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो वर्ष थप भएको ६५ गरी कुल ७९ विवाद दर्ता भएकोमा ५८ वटा फस्यौट् भई २१ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २० जिन्सि व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमूखले आफ्नो कार्यालयमा खरिद गरी प्राप्त हुन आएका जिन्सी मालसामानको विबरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी लगत अद्याबधिक गर्नु गराउनु पर्ने ब्यबस्था छ । त्यस्तै महालेखा नियन्त्रक कार्यालयले २०७७ । ९ । ७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६/७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा ल्यापटप, फर्निचर, मेशिनरी औजार आदि सम्पत्ती मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका सवारी साधन, ल्यापटप, कम्प्युटर यन्त्र उपकरण आदी र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । सोहि आधारमा जिन्सी निरीक्षण गरी प्रतिवेदन गरेको देखिन्छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २१ पेश्कि बाँकी

आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्यौंट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्यौंट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल

गर्ने व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार म्याद ननाघेको रु.५०००००  र म्याद नाघेको रु.६८८८२५४ समेत कुल जम्मा रु.७३८८२५४ पेश्कि फछ्र्यौट गर्न वाँकि देखिएको छ । बाँकि पेश्कि तोकिएअनुसार समयमै असुल फछ्र्यौट् हुनुपर्दछ ।

| पेश्कीको विवरण | पेश्की लिनेको नाम | जम्मा बाँकी पेश्की | |
|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको |
| आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा औषधि खरिद | जगन्नाथ अधिकारी | | २५००० |
| सभा सञ्चालन खर्च | जगन्नाथ अधिकारी | | २००००० |
| सिम अमर्खु मिलनचोक बेशीमल्डुङ भूमिचुली सडक (कालोपत्रे) | माता चुनदेवी कन्स्ट्रक्सन प्रा. लि. | | १३५००० |
| महादेववेशी हाप्सेचौर सडक वडा नं ६ समपुरक | राई कन्स्ट्रक्सन एण्ड सप्लायर्स | | ३९५००० |
| महादेववेशी हाप्सेचौर सडक वडा नं ६ | राई कन्स्ट्रक्सन एण्ड सप्लायर्स | | ३९५००० |
| महादेवबेशी लुईकिल हाप्सेचौर सडक वडा नं ७ | आद्यकाली निर्माण सेवा प्रा.लि. | ५००००० | ० |
| चिउरीपाटी आठकिला सडक वडा नं १० | लिति कालिका कन्सट्रक्सन | | ७००००० |
| तामाङ्ग महिला समाज ल्होसार विशेष सास्कृतिक कार्यक्रम | तामाङ महिला समाज | | २००००० |
| महादेववेशी स्वास्थ्य चौकि व्यवस्थापन | महादेवबेशी स्वास्थ्य चौकी | | १००००० |
| जलवायु परिवर्तन सम्बन्धि नीती निर्माण र सामुदायिक वन नविकरण साझेदारी | साझेदारी कार्यक्रम | | ४००००० |
| विविध कार्यक्रम खर्च | रेशम कुमार श्रेष्ठ | | १५०००० |
| विद्युतिकरण योजना | नेपाल विद्युत प्राधिकरण धादिङ्ग | | २७४०३८७ |
| सेरापाखा सरस्वती मन्दिर पार्कमा शौचालय, घेरावार ट्रस, भर्याङ, बाटो ढलान | नेपाल विद्युत प्राधिकरण धादिङ्ग | | १२४६०६० |
| सि.सि.टि.भि जडान | नेपाल विद्युत प्राधिकरण धादिङ्ग | | २०१८०७ |
| | जम्मा | ५००००० | ६८८८२५४ |
| | कुल जम्मा | ७३८८२५४ | |

| क्रम | कर्मचारीको नाम | रकम |
|---|---|---|
| २१.१ | जगन्नाथ अधिकारी | २५,००० |
| २१.२ | जगन्नाथ अधिकारी | २,००,००० |
| २१.३ | माता चुनदेवी कन्स्ट्रक्सन प्रा. लि. | १,३५,००० |
| २१.४ | राई कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३,९५,००० |
| २१.५ | राई कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३,९५,००० |
| २१.६ | आद्यकाली निर्माण सेवा प्रा.लि. | ० |
| २१.७ | लिति कालिका कन्सट्रक्सन | ७,००,००० |
| २१.८ | तामाङ महिला समाज | २,००,००० |
| २१.९ | महादेवबेशी स्वास्थ्य चौकी | १,००,००० |
| २१.१० | साझेदारी कार्यक्रम | ४,००,००० |
| २१.११ | रेशम कुमार श्रेष्ठ | १,५०,००० |
| २१.१२ | नेपाल विद्युत प्राधिकरण धादिङ्ग | २७,४०,३८७ |
| २१.१३ | नेपाल विद्युत प्राधिकरण धादिङ्ग | १२,४६,०६० |
| २१.१४ | नेपाल विद्युत प्राधिकरण धादिङ्ग | २,०१,८०७ |

| | |
|---|---|
| पेश्की फर्स्यौट नभएको | ६८,८८,२५४ |

२२ **आन्तरिक आय**

आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५७८४६१५८६ | ४३४३८८२६ | ७.५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.५ प्रतिशत मात्र रहेको छ । त्यसैले केन्द्रिय अनुदानको खर्चको तुलनामा आन्तरिक आय अत्यन्तै न्युन देखिन्छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै सेवा सुविधासँग आन्तरिक आयलाई आवद्ध गरेर आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२३ **आय अनुमान एवं कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केहिमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने केहिमा अनुमानको आधारमा

कम राजस्व संकलन भएको छ । समग्र प्राप्तिको श्रोतको अनुमानको तुलनामा जम्मा १७ प्रतिशत मात्र संकलन भएको छ । शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
|---|---|---|
| ११३१४ - भुमिकर/मालपोत | ८,३५,०१५.०० | १,८३,८६५.०० |
| ११३१७ - वहाल कर | १२,१०,१३३.०० | ८,१९,२३६.६० |
| ११४५१ - सवारी साधन कर (साना सवारी) | ०.०० | १०,०००.०० |
| ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ०.०० | १०,०००.०० |
| ११६११ - व्यवसायले भुक्तानी गर्ने | ०.०० | १५,८३,१९०.०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | १,३३,९५०.०० |
| ११६९१ - अन्य कर | ०.०० | २९,२६,०७५.०० |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ४,००,०००.०० | ०.०० |
| १४२२१ - न्यायिक दस्तूर | ०.०० | ६,००,०००.०० |
| १४२२४ - परीक्षा शुल्क | ०.०० | १२,८००.०० |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | १,४१,२६४.०० |
| १४२४३ - सिफारिश दस्तुर | ४०,००,०००.०० | ३००.०० |
| १४२४९ - अन्य दस्तुर | १५,००,०००.०० | १,५७,८५,७९४.०० |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३२,४६,५००.०० | २५,५००.०० |
| १४२६५ - अन्य क्षेत्रको आय | २४,२९,८१,०४१.०० | २,०००.०० |
| १४३१३ - धरौटी सदरस्याहा | ०.०० | ३,०००.०० |
| १४५२९ - अन्य राजस्व | ०.०० | २,२८,०४,२८४.०० |
| १४६११ - व्यवसाय कर | ०.०० | २६,६००.०० |
| १५११२ - निकासा फिर्ता | ०.०० | २४,१३७.०० |
| जम्मा | २५,४१,७२,६८९.०० | ४,५०,९१,९९५.६० |

पालिकाले एकिकृत सम्पत्ति कर लागू नगरेको र आय अनुमान समेत नगरेकोमा समेत आय प्राप्त भएको जनाएको छ । केहि शिर्षकमा आय अनुमान समेत नगरेको तथा केहिमा अनुमान गरेतापनी राजस्व संकलन शुन्य प्रतिशत रहेको पाईयो । व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले अनुमान भन्दा ज्यादै न्युन मात्र आय संकलन भएको छ । जसवाट उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **राजस्व संकलन, अभिलेख तथा व्यवस्थापन**

२४.१

**राजस्व अभिलेख व्यवस्थापन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व बर्गिकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दी दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप राजस्व लेखा आद्यावधिक गर्नुपर्दछ ।पालिकाको राजस्व अभिलेख व्यवस्थित गर्न आवश्यक महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प फारमहरु अद्यावधिक गरी राजस्वको हिसाब राख्नुपर्नेमा दैनिक राजस्व आम्दानी किताब म.ले.प. फा.नं. १०२, १०६ क, १०७, राजस्व प्राप्तीको बैंक नगदि किताब म.ले.प. फा. नं. १०८, राजस्व आम्दानीको मासिक फाँटवारी म.ले.प. फा. नं ११० लगायतका राजस्वको श्रेस्ताहरु अभिलेख राखेको पाइएन । यसले गर्दा असुल भएको राजस्व आय रु ४३४३८८२६ असुली भएतापनी कति प्राप्त हुनुपर्ने हो एकिन नहुँदा आयको विश्लेषण गर्न सकिएन । पालिकामा एम्वुलेन्सवाट आम्दानी हुने गरेकोमा सोको अभिलेख तयार गरी आम्दानी गरेको विवरण प्राप्त नभएको तथा सो साधन उपयोग गर्दा खर्चको अभिलेख नभएको हुनाले साधन उपयोगवाट असुल भएको राजस्व तथा खर्च यकिन गर्न सकिएन । पालिकाले राजस्व आम्दानीलाई पारदर्शी बनाउन एम्वुलेन्स लगायतका आन्तरिक आय संकलन हुने श्रोतको आय प्राप्त गर्ने सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार राख्नुपर्ने खाता, अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४.२ राजश्व अभिलेख – आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ ले कार्यालयको राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालय समेतमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । पालिकाले रसिद नियन्त्रण खाता अद्यावधिक नगरी अघिल्लो आ.व.मा वितरित रसिद खर्च नभई बाँकी के कति छन सो को विवरण पेश भएको छैन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत असुली गर्न विशेष ध्यान पुर्याउनुपर्ने देखियो । पालिकामा यस आ व मा ४६७ वटा रसिद ठेली आम्दानी गरेकोमा गत आ व को संख्या र यस आ व मा खर्च भई वाँकि ठेलिको विवरण पेश भएको छैन । पालिकावाट बुझिलिएका नगदी रसिद खर्चको विवरण र सो को आम्दानी सम्वन्धमा पालिकाले छानविन गरी असुल भएको राजश्व दाखिला गर्न लगाउने तथा आवश्यक्तानुसार नियमावलीले तोकेको सजाय कार्यान्वयन हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४.३ राजस्व संकलन: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार नगद जिन्सी दाखिला गर्नुपर्ने तथा सोको लेखा अध्यावधिक गर्ने दायीत्व कार्यालय प्रमुखको हुने तोकेको छ। देवेन्द्र विडारीले पालिकावाट विभिन्न रसिदहरु वुझिलिएकोमा सो मध्ये सि. नं ४०० देखि ४२७ सम्म खर्च गरेको जनाएको तर सो रसिदहरुवाट जम्मा रु ६५५०० राजस्व संकलन गरी समयमा दाखिला नगरेकोले नियमानुसार हुने जरिवाना सहित असुल गर्नुपर्ने रु.७२०५०

| असुल गर्नुपर्ने | ७२,०५० |
|---|---|

### २५ कन्टिन्जेन्सि खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र सोही नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिम वर्क चार्ज स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी 4 प्रतिशत कन्टिन्जेन्सी लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ । यस पालिकाले लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सि खर्च गर्न सकिने मान्यता राखि कन्टेन्जेन्सी खर्च गरेको छ । यस वर्षको हालसम्मको कन्टिन्जेन्सि खर्चको योजनागत अभिलेख अद्यावधिक नगरेको कारण योजनागत रुपमा कन्टिन्जेन्सिको हिसाव पेश नहुँदा यस वर्षको कन्टिन्जेन्सि खर्च यथार्थपरक तथा सिमाभित्र भए नभएको यकिन गर्न सकिएन । यस सम्वन्धमा लेखा शाखावाट कन्टिन्जेन्सिको खर्च लेख्दा सो अनुरुप वर्गिकरण नगरी सोझै योजनाको खर्च जनाएको छ । सार्वजनिक

खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को बुँदा नं ५ मा कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको हुनुपर्ने उल्लेख भएकोमा प्राविधिकले नापी किताबमा कन्टिन्जेन्सी खर्च नचढाउने, योजनागत कन्टिन्जेन्सीको अभिलेख खाता नराखी खर्च गर्ने गरेकोले नियमको परिपालना भएको छैन । योजनागत सीमामा यस्तो खर्च नियन्त्रण भएको आधार समेत देखीदैन । निर्देशिकाको व्यवस्था पालना नभएको कारण यस्तो खर्च कानुनले तोकेबमोजिम सही रूपमा भएको यकिन गर्न सकिने अवस्था देखिएन । कार्यक्रम, योजनागत कन्टिन्जेन्सि खाता र कार्य प्रगतीका आधारमा एकिन हुने कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी यस्ता खर्च तोकिएको सीमाभित्र रहि खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२६ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति समेतको विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२० करोड ८८ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी प्रतिस्पर्धी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रमा अभिलेख भएको पालिकातर्फको त्रैमासिक खर्च विवरणअनुसार खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रौमासिक | दोस्रो त्रौमासिक | तेश्रो त्रौमासिक | चौथो त्रौमासिक | आषाढ महिना |
| चालु खर्च तर्फ | ४३५६१७९१५ | ११९५२२७४४ | ६९५७८१४१ | ११३६६२४३१ | १३२८५४५९८ | ७१७५३५७५ |
| पूँजिगत खर्च तर्फ | २०८८३३९५९ | १३३७२६३४ | २६०४८४३९ | ७५७१७४१७ | ९३६९५४६९ | ५९८३५०४४ |
| जम्मा | ६४४४५१८७४ | १३२८९५३७८ | ९५६२६५८० | १८९३७९८४८ | २२६५५००६७ | १३१५८८६१९ |
| प्रतिशत | | २१ | १५ | २९ | ३५ | २० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकातर्फ वार्षिक रु.६४४४५१८७४ निकासा भएकोमा प्रथम त्रैमासिकमा २१ प्रतिशत, दोस्रो त्रैमासिकमा १५ प्रतिशत, तेस्रो त्रैमासिकमा २९ प्रतिशत र चौथो चौमासिकमा ३५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र २० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने, प्राविधिक जनशक्तिको अभाव हुन जाने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा आएर खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । स्विकृत कार्यक्रमअनुसार त्रैमासिक रुपमा संन्तुलीत खर्च हुने गरी कार्यक्रम स्विकृत एवं कार्यान्वयन गरीनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ११ देखी ३८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा दुविधा थपिएकोले एकिन गर्नसक्ने अवस्था, आधार, कारण उपलव्ध भएन । यस सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा ठेक्का कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं | ठेकेदार कम्पनी | योजनाको नाम | सम्झौता रकम | लागत अनुमान | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| 06/NCB/WORKS/THAKRE/080/081 | S.Y.K Construction Pvt.Ltd. | विभिन्न बाटोहरुको स्तरोन्नती वडा नं. ७ | ७४१५३४० | ९२००००० | १९ |
| 03/NCB/WORKS/THAKRE/2080/081 | Aadhyakali Nirman Sewa Pvt.Ltd. | महादेववेशी हाप्सेचौर सडक | १३१५७३७३ | २००००००० | ३४ |
| 03/NCB/WORKS/THAKRE/2078/2079 | Gyan Jyoti Builders Pvt. Ltd. | मदन भण्डारी महाविद्यालय भवन निर्माण | ३७५५९३१४ | ५००००००० | २५ |
| 09/NCB/WORKS/THAKRE/2077/078 | R & C Gaureshwor J/V | रानीझरना भवन निर्माण | ४०७०६९२५ | ५००००००० | १९ |
| 12/NCB/WORKS/THAKRE/2077/078 | Rojan Nirman Sewa Pvt. Ltd. | महादेववेशी माटिखोला धैरेनी काम्राङ सडक - Phase 2 | १५२११४३० | १८०००००० | १५ |
| 04/NCB/WORKS/THAKRE/2080/081 | Sunforce Solar and construction Company | बृहत आधुनीक सिंचाई | १२४५०२११ | २००००००० | ३८ |
| 02/NCB/WORKS/THAKRE/2080/081 | Rai Construction And Suppliers Pvt. Ltd. | धारेखोला भुजेलगाउँ बतासे आचार्यपोखरी सडक | १४३७६९३६ | २००००००० | २८ |
| 01/NCB/WORKS/THAKRE/2080/081 | Litikalika Construction And Suppliers | आठकिला चिउरीपाटि सडक | १४९०२६५६ | २००००००० | २५ |
| 13/NCB/WORKS/THAKRE/079/080 | Litikalika Construction And Suppliers | वडा न. १० खेलमैदान निर्माण तथा वडा नो. ६ कभर्ड हल निर्माण | १२८१५८८० | २००००००० | ३६ |
| 08/NCB/WORKS/THAKRE/2080/081 | C.M- Gaureshwor J/V | धार्के धारेखोला भुजेलगाउँ बतासे आचार्यपोखरी कोल्पु खोला सडक | ४००४७६०४ | ४५०००००० | ११ |

सैद्धान्तिक बेरुजु

## २९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर तथा मेडिकल अधिकृत सहितका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र तोकिएका पदमा स्विकृत दरवन्दि वाहेकका पदमा बढी संख्यामा कर्मचारी कार्यरत रहदाँ विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । पालिकाले कार्यक्रमतर्फ करार र आन्तरिक करार समेत विभिन्न ९९ जना करारमा नियुक्त गरी रु.१,८०,०९,४८२ खर्च लेखेको छ । आन्तरिक करारतर्फ पनि कार्यबोझ विश्लेषण गरी आन्तरिक आयलाई मध्यनजर गरी व्यवस्थापन सर्वेक्षण गरी कानुन बमोजिम पारदर्शी हिसाबले मात्र कर्मचारी नियुक्ति गर्नुपर्नेमा सो वेगर सहायक स्तरका कर्मचारी कार्यवोझ समेत विश्लेषण नगरी करारमा राख्ने काम उचित देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३० कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमति प्रदेश "स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा स्थानिय सेवाको कामको लागी कुनै पनि कर्मचारी करारमा राख्न नपाईने उल्लेख छ । त्यस्तै दरवन्दि भित्रका पदमा मात्र करारमा कर्मचारी राख्न पाउने नियममा भएको व्यवस्था विपरित स्विकृत दरवन्दी वाहेकका थप करारमा कर्मचारी नियुक्ती गरी तलब सुविधा भुक्तानी गरेको (लोक सेवा आयोगमा समेत माग नगरेको) अनियमित देखिएको रु. ३०४१०९३

| पद | संख्या | वार्षिक पारिश्रमिक |
|---|---|---|
| ईन्जिनियर | १ | ५६७९५७ |
| सव ईन्जिनियर | १ | ४५१४९० |
| कम्प्युटर अपरेटर | १ | २७७८४० |
| अ स ई | १ | ४२७७२६ |
| प्रा स | १ | १९७४१२ |
| सहायक चौथो | ४ | १११८६६८ |
| | जम्मा | ३०४१०९३ |

| अनियमित भएको | ३०,४१,०९३ |
|---|---|

## ३१ सामाजिक सुरक्षा तर्फ

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ ले लाभग्राहीको नाम दर्ता नवीकरण तोकिएको समयभित्र अध्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्दै आएको छ। यस वर्ष जेष्ठ नागरिक २२४८ जना लगायत अन्य

सामाजिक सुरक्षा भत्ता पाउने ६ वर्गका समेत ३६४४ जना लाभग्राहीलाई निम्न अनुसारको चार किस्तामा बैंक मार्फत निकासा दिएको छ।

| क्र.सं. | किस्ता | निकासा | खर्च | फिर्ता | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रथम | ३६४६६८९९ | | | वैंक जम्मा पठाएको |
| २. | दोस्रो | ३६९०४७३१ | | | EFT बाट भुक्तानी |
| ३. | तेस्रो | ३६७७१८१४ | | | EFT बाट भुक्तानी |
| ४. | चौथो | ३७०९९३७७ | | | EFT बाट भुक्तानी |
| | जम्मा | १४७२४२८२१ | १४७००६५८४ | २३६२३७ | २३६२३७।- |

उपरोक्त निकासा खर्च भई सञ्चित कोषमा फिर्ता हुनुपर्ने देखिएको मध्ये तेस्रो र चौथो किस्ताका फिर्ताबाट रु. १६८७१८।- दाखिला भएको रु. ४७९१।- प्रथम किस्ताको फिर्ता पठाएको समेत रु. २१६५०९।- फिर्ता दाखिला भएकोले नपुग रु. १९७२८ सञ्चित कोष फिर्ता भएको प्रमाण पेश हुनुपर्ने रु. १९७२८।–

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,७२८ |

३२ **प्रदेश हस्तान्तरीत (चालु)**

३२.१ **दोहोरो चाडपर्व खर्च भुक्तानी:-** एक विद्यालय एक नर्स कार्यक्रमको लागि कार्यरत विभिन्न विद्यालयका ६ जना नर्सलाई श्रावणदेखि आश्विन महिना तथा चाडपर्व खर्चबापत रु. ७२२०३९।- बजेट खर्च लेखेकोमा पुन कार्तिक महिनाको तलब खर्च भुक्तानी गर्दा पुन देहाय अनुसारको दोहोरो चाडपर्व खर्च पुन: भुक्तानी भएको देखियो। यसरी करारमा कार्यरत नर्सलाई एक वर्षमा दुई पटक चाडपर्व खर्च लेख्ने पालिकाका जिम्मेवार कर्मचारीलाई कानुन अनुसार आवश्यक कारबाही गरी देहायबमोजिमको दोहोरो चाडपर्व खर्च असुल हुनुपर्ने रु. १७१९१३।५०

| क्र.सं. | नर्सको नाम | दोहोरो भुक्तानी भएको चाडपर्व खर्च | कैफियत |
|---|---|---|---|
| १. | सिमा थापा | ३४३८२।७० | सा.सु. कर तथा अन्य पारिश्रमिक कर कट्टी गरी खुद भुक्तानी भएको रु. १७१९१३।५० |
| २. | तारा देवी जिरेल | ३४३८२।७० | |
| ३. | प्रतिक्षा भण्डारी | ३४३८२।७० | |
| ४. | सरिता आचार्य | ३४३८२।७० | |
| ५. | सुस्मिता थापा | ३४३८२।७० | |
| ६. | संगिता भण्डारी | ३४३८२।७० | |
| | जम्मा | २०६२९६।२० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७१,९१३ |

३२.२ **न्यायिक सहजकर्तालाई दोहोरो तलब भुक्तानी:-** भौचर नम्बर १३।२०८०।९।१६ - पालिकाले करार सेवामा नियुक्त कर्मचारीलाई सम्झौतामा उल्लेख भएबमोजिम मासिक कार्यसम्पादन एवं रुजु हाजिरीका आधारमा तोकिएको तलब भत्ता सुविधा उपलब्ध गराउनुपर्दछ। पालिकाले २०८० कार्तिक र मङ्सिर महिनाको न्यायिक सहजकर्ता श्री सुनिता कडेलको मासिक ३४७३०।- दरले भुक्तानी भएकोमा उक्त खर्च पून: कार्तिक महिनामा भौ.नं. आठ २०८०।७।२३ मा न्यायिक सहजकर्ता पवित्र अर्याललाई समेत रु.

३४७३०।- भुक्तानी भैसकेको देखिन्छ । एकजना सहजकर्ता दरबन्दीमा एउटै महिनामा दुई जना कर्मचारीलाई दोहोरो पारी खर्च लिएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,७३० |

३३ **राजश्व तर्फ**

**राजस्व घटी असुल भएको देखिएको :-** पालिकाको विनियोजन ऐन २०८० तथा आर्थिक ऐन २०८० अनुसार आन्तरिक आयतर्फ १५ करोड ११ लाख ३ हजार ४ सयको लक्ष्य सहित विभिन्न किसिमका १५ वटा करका दरबन्दी स्वीकृत गरेको छ। आन्तरिक राजस्व खाता (सुत्रबाट) मा यस वर्ष रु. ४ करोड ५० लाख ९२ हजार आन्तरिक राजस्व आम्दानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन् ।

(१) राजस्व परामर्श समितिको २०८०।५।२४ को बैठकबाट विभिन्न खोलाबाट दहत्तर बहत्तर संकलन एवं निकासी तथा सडक मर्मत शुल्क असुल गर्ने गरी कार्यपालिकालाई निर्देशन दिएको छ ।

| क्र.सं. | लागत अनुमान तर्जुमा | आ.व.२०७९।८० को स्वीकृत ठेक्का रकममा १०% वृद्धि गरी कायम ठेक्का अंक | २५% घटाएर कायम न्युनतम अंक | कैफियत |
|---|---|---|---|---|
| १. | दहत्तर बहत्तर कर संकलन | ११५३२४४४० | ८८२२३१९७ | २ पटक ठेक्का नपरेपछी २५% घटाएको |
| २. | महादेव देखी झो. पुल भुमेस्थान | ७७३३६२७ | ५९१६२२५ | २ पटक ठेक्का नपरेपछी २५% घटाएको |
| ३. | तसर्थ आग्रा खोला ग्रामीण सडक | ७३३३३३३ | ५६१०००० | २ पटक ठेक्का नपरेपछी २५% घटाएको |

उपरोक्त तीनवटै ठेक्का सम्झौता गर्दा ठेकेदारलाई संक्षिप्त कर विजक जारी गर्ने गरी पालिकाले आधिकारिक बिजक उपलब्ध गराएको देखिएन। यसले गर्दा ठेक्काबाट पटके उठाएको रसिद लेखा परीक्षणको क्रममा उपलब्ध नहुँदा कति रकम उपरोक्त तीनवटै ठेक्काबाट असुली भयो र स्वीकृति ठेक्का भन्दा बढी रकम रसिदबाट संकलन भएको अवस्थामा सो को मु अ कर ऐन २०५३ अनुसार १३ % मु.अ. कर दाहिला गर्नुपर्नेमा सङ्कलन भएको रसिदको विवरण उपलब्ध नहुँदा असुली भएको मुअकर रकम एकिन हुन सकेन। पालिकाबाट संक्षिप्त कर विजक जारी नगर्दा ठेकेदारले वास्तविक रुपमा उठाएको नदिजन्य पदार्थको परीमाण तथा सोको स्विकृत दरमा असुल हुने अङ्क र सो मा असुल भएको मु.अ.कर यकिन गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ।
वार्षिक ठेक्का आह्वान गरेका ठेक्काहरू मध्ये देहाए बमोजिम ठेक्का सम्झौता हुनुपर्नेमा २०८०।७।२३ को गाउँपालिकाको निर्णयबाट ठेक्का अंकलाई ३६५ दिनले भाग गरी कार्यादेश दिएको मितिबाट कायम हुने दिन गन्तीका आधारमा पुन: ठेक्का रकम निकाली प्रथम द्वितीय र तृतीय किस्तामा असुल गरेको देखियो।

| ठेक्काको नाम | सम्झौता अनुसार ठेक्काको रकम | कार्यादेश दिएको मिति | घटाएको दिन | भुक्तानी गर्नुपर्ने दिन | ठेक्काको भुक्तानी गर्न कायम रकम |
|---|---|---|---|---|---|
| दहत्तर बहत्तर कर संकलन | ८८२२३१९७ | २०८०।०८।२३ | १४५ दिन | २२० दिन | ५३२३५९५९ |
| महादेव वेसी झो पुल भुमेस्थान | ५९१६२२५ | २०८०।०६।०२ | १२८ दिन | २३७ दिन | ४३४०९४४ |
| तसर्पु आग्रा खोला ग्रामिण सडक | ५६१०००० | २०८०।०६।०२ | १२८ दिन | २३७ दिन | ४११६२७७ |

उपरोक्त बमोजिम तीनवटा ठेक्काको सम्झौता रकमलाई दिनगिन्तीमा रूपान्तरण गरी ठेक्का कार्यान्वियन गर्दा दहत्तर बहत्तरको कर संकलनमा रु.३४९८७२३८।- महादेव बेसी झोलुङ्गे पुल क्षेत्रको कर संकलनमा रु.१५७५२८१।- र तसर्पु आग्राखोला ग्रामीण सडकमा रु.१४९३७२३।- समेत रु. ३८०५६२४२।- पालिकालाई घटी आय प्राप्त गरेको देखियो । ठेक्का स्वीकृत अङ्कबाट दिन गिन्तीमा ठेक्का कर उठाउने कार्य नियन्त्रण हुनुपर्दछ । ३ वटै स्थानबाट ठेक्काको कार्यादेश हुनु अगाडी पालिकाले दहत्तर बहत्तर बाट १४५ दिनमा रु.१९८३५६०२।- महादेव वेसी झो पुल भुमेस्थान र तसर्पु आग्रा खोला ग्रामिण सडक रु. ४४९०९२०।– समेत रु.२४३२६५२२।– अमानतबाट आय उठाएको देखिन्छ । दिन गिन्तीमा ठेक्का लगाउँदा ठेक्का रकमबाट घटेको रु. ३४९८७२३८।- अमानतबाट उठाएको रु. २४३२६५२२ घटाउँदा रु.***१०६६०७१६*** ठेक्काको गलत कार्यान्वियनबाट पालिकालाई नोक्सान परेको देखियो । आय संकलन ठेक्कामा पुर्व योजना बनाई आय नोक्सानी हुने निर्णय भएको उपरोक्त तथ्यवाट देखिन्छ । यसरी पालिकाको आय प्रत्येक वर्ष घटाई विगत ३ वर्षमा करीव ४ करोडले ठेक्का आम्दानी घटेको देखिन्छ । पालिकाको आय वृद्धि गर्ने वैकल्पिक श्रोत व्यवस्थापन गर्नुपर्नेमा भएको श्रोतवाट समेत आय घटाउदै जाने कार्य नियन्त्रण नगरी ठेकेदारलाई लाभ पुग्ने र पालिकालाई नोक्सानी पर्ने गरी निर्णयद्धारा दिएको ठेक्काको कार्यान्वियनवाट भएको घटी असुली अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०६,६०,७१६ |

## ३४ थप राजश्व तथा मु.अ.कर

३४.१ **राजश्व :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार नगद जिन्सी दाखीला गर्नुपर्ने तथा सोको लेखा अध्यावधिक गर्ने दायीत्व कार्यालय प्रमुखको हुने तोकेको छ। राजस्व परामर्श समितिको सिफारिस अनुसार गाउँ कार्यपालिकाको निर्णयद्वारा दहत्तर बहत्तर कर संकलनको ठेक्का न्यूनतम कबौल अङ्क ८८२२३१९७ कायम गरी सूचना प्रकाशित गरेकोमा दिन गन्तीमा ठेक्का अङ्क हिसाब गरी रु ५३२३५९५९ बुझाउने गरी देउडी बिल्डर्स प्राली काठमाडौँ सँग प्रथम किस्ता सम्झौता हुँदाका बखत रु १६८४१९२२ तथा मुअकर रु २१८९४५० बुझाएको छ । वाँकी रु ३६३९४०३४ र मु अ कर ४७३१२२५।- दुई किस्तामा बुझाउने गरी सम्झौता अनुसार कबुलियतनामा गरेको देखियो। दोस्रो किस्ता (३८.३९%) रु.२०४२३२५०।- तथा मूल्य अभिवृद्धि कर रु.२६५५०२३।- चैत्र २०८० भित्र बुझाउने र बाँकी तेस्रो किस्ता (३०%) रु. १५९७०७८८।- र सोमा लाग्ने मु.अ.कर २०७६२०३।- आषाढ १५ भित्र बुझाउनुपर्ने तोकेकोमा ठेकेदारले वर्षान्त सम्म दोस्रो तथा अन्तिम किस्ता बुझाउन नसकी बाँकी रहेको देखियो।

| सि.नं. | किस्ता | किस्ता रकम | मु.अ.कर | ढिला बुझाएको दिन/महिना(श्रावण २९ मा मात्र वुझाएको) | जरिवाना रकम १०% |
|---|---|---|---|---|---|
| १. | दोश्रो किस्ता | २०४२३२५० | २६५५०२३ | ४ महिना | ६८०७७५ |
| २. | तेस्रो किस्ता | १५९७०७८८ | २०७६२०३ | १ महिना | १३३०९० |
| | जम्मा | | | | ८१३८६५ |

उपरोक्त अनुसार समयमा किस्ता नबुझाएबापत नियमावलीको व्यवस्था अनुसार दोस्रो किस्ताको चार महिना ढिलाको रु.६८०७७५।- तथा तेस्रो किस्ता एक महिना ढिलाको रु.१३३०९०।- गरी रु. ८१३८६५।- असुल हुनुपर्ने ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१३,८६५ |

३४.२ **मूल्य अभिवृद्धि कर ढिला बुझाएको जरिवाना:-** मूल्य अभिवृद्धि कर ऐन २०५२ तथा नियमावली २०५३ ले नियमानुसार बुझाउनुपर्ने मु.अ.कर बापतको रकम पछिल्लो महिनाको २५ गतेभित्र नबुझाएमा ब्याज तथा जरिवाना शुल्क लाग्ने व्यवस्था छ। उक्त ठेकेदारले दोस्रो किस्ता बापतको मूल्य अभिवृद्धि कर रु.२६५५०२३।०० वैशाख भित्र बुझाउनुपर्नेमा श्रावण अन्त्यमा बुझाएकोले वार्षिक १५% शुल्क रु.३९८२५३।०० को ३ महिनाको रु.९९५६३ तथा १०% त्यसको जरिवाना बापत रु.९९५६ समेत असुल हुनुपर्ने रु.१०९५१९।–

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०९,५१९ |

## ३५ सम्झौता अनुसार तालिम संचालन नगरी भुक्तानी

कार्यालयले ब्युटिसियन तालिम सञ्चालनको सिलबन्दी बोलपत्र आह्वान गरी नियमानुसार न्यूनतम कवोल अङ्क रू. १०४८५२७।- मा गोसाई कुण्ड पोलिटेक्निकल इन्स्टिच्युट प्रा.ली (पान नम्बर ६०६७८२५५७) सँग १९० घण्टाका ३ सेसनमा २० देखि ३० जना प्रशिक्षार्थीलाई तालिम सञ्चालन गर्ने सम्झौता भएको छ। सम्झौताका सर्त बमोजिम महादेवबेसीमा १ सिमलेमा २ सेसन गरी सञ्चालित उक्त तालिम २०८१।२।१७ देखि २०८१।३।१६ सम्म सञ्चालन भएको प्रशिक्षकको दैनिक हाजिरीबाट देखिन्छ । शनिबार समेत जेष्ठमा १७ दिन तथा आषाढमा १७ दिन गरी ३४ दिनका दरले प्रतिदिन ५ घण्टाका दरमा उक्त प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको तालिम प्रदायक निकायको प्रगति प्रतिवेदन तथा प्रशिक्षक प्रशिक्षार्थीको हाजिरी विवरणबाट देखिन्छ । शनिबार तालिम सञ्चालन गर्ने कुरा सम्झौतामा उल्लेख नगरेको अवस्थामा १५० घण्टा मात्र तालिम सञ्चालन भएको, बेसिक कोर्स CTVT बाट तोकेको न्यूनतम १९० घण्टाको हुनुपर्ने नम्स अनुसार शनिबार समेत १७० घण्टा मात्र तालिम सञ्चालन भएकोले २० घण्टा घटी (कार्यक्रम) तालिम सञ्चालन गरी सम्झौतामा उल्लेख गरेको पुरै रकम भुक्तानी भएको देखियो। प्रति घण्टा रु. ५५२०।– का दरमा घटी तालिम संचालन गरेको २० घण्टाको हुने रु. ११०४००।– असुल हुनु पर्ने रु. ११०४००।–

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१०,४०० |

३६ **सव कन्ट्याक्टवाट सडक निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्झौता बमोजिम पाएको कार्य आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायीबाट सवकन्ट्याक्टमा दिन नपाइने, निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा नियमावलीको नियम ९७(१३)(क) अनुसार सार्वजनिक निकायले उक्त उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो निर्माणको कार्य नदिने शर्तमा सम्झौता रद्ध गर्न सक्ने व्यवस्था तोकिएको छ । सवकन्ट्याक्टमा कार्य गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । देहाएका उपभोक्ता समितिले सम्झौतामा लिएको सडक स्तर उन्नतिको कार्यका लागि समितिले पूँजी व्यवस्थापन गर्न नसक्ने, प्राविधिक जनशक्ति नहुने, यन्त्र औजार मेसिन उपलब्ध नहुने तथा जटिल संरचना निर्माणका लागि व्यवस्थापकीय क्षमता समेत नहुँदा निर्माणका कार्यहरू समितिद्वारा सम्पन्न गर्न सक्ने अवस्था देखिँदैन। जसका कारण सम्झौताद्वारा लिएको सडक निर्माणको कार्य निर्माण व्यवसायीद्वारा सामान समेत माल मेटेरियल सहितको ठेक्कामा दिई सम्पन्न गराएको देखियो। नियमावलीमा भएको व्यवस्था विपरीत काम गराउने उपभोक्ता समिति जाँचपास गर्ने प्राविधिक तथा सिफारिस गर्ने एवं अनुगमन सिफारिस गर्ने पदाधिकारीलाई थप जवाफदेही बनाई उपभोक्तासँग गरिएको सम्झौताको कार्यान्वियन सव कन्ट्याक्टरवाट गराउने कार्य नियन्त्रण हुनु पदर्छ ।

| भौ.नं.मिति | उपभोक्ता समिती | कार्य सम्पन्न रकम | भुक्तानी रकम | निर्माण व्यसायीको नाम | भुक्तानी |
|---|---|---|---|---|---|
| ३,२०८१।३।२२ | केउरेनी धारा- सागर्ने चौचार सडक स्तरोन्नती उपभोक्ता समित | १३२३५८३ | १३६३२९० | प्रसुन निर्माण सेवा (पान नं.६०४२६४७४९) | १२६०६४८ |
| ३,२०८१।३।२२ | महादेव वेसी – वितलव सडक स्तरोन्नती उपभोक्ता समिति | १८९०५९९ | १९४७३१७ | प्रसुन निर्माण सेवा | १६१०३०० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **स्वास्थ्य कार्यक्रम**

सघिय शशर्त तर्फको यस कार्यक्रम अन्तर्गत मृगौला प्रत्यारोपण गरेका, हेमोडाइलासिस गर्दै आएका, क्यान्सरका पीडित रोगीलाई औषधि खर्च बापत प्रति महिना रु. ५०००।- दरले कार्यविधि २०७८ ले तोकेअनुसार अनुदान दिन रु. २१ लाख ५५ हजार बजेट विनियोजन भएकोमा रु. २० लाख ५५ हजार अनुदान खर्च लेखेको छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार श्रावण देखि माघ सम्मका बिरामीका लागि रु.११४५०००।- तथा ४४ जनालाई ९९५०००।- समेत (क्यान्सर पीडित ३२, मृगौला ११, मेरुदण्ड पक्षघात १) रु.२१,४०,०००।- वितरण गरेको प्रगति विवरण पेश भएको छ। स्वीकृत शीर्षकको बजेट निकासाभन्दा बढी रु. ८५ हजार

खर्च लेखेकोमा २ वटा लाभग्राहीको अनुदान रु ५० हजार फिर्ता भएको जानकारी गराएको बाँकी रु.३५०००।- बजेट भन्दा बढी खर्च लेखेको अनियमित देखिएको रु.३५०००।–

| | |
|---|---|
| अनियमित भएको | ३५,००० |

३८ **अनुदानको प्रभावकारीता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुदान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा अनुदान वितरण गर्न सक्ने व्यवस्था तोकेको छ। पालिकाले यस वर्ष कृषितर्फ देहाअनुसार पटके अनुदान रकम बाट विभिन्न सामग्रीहरू, बिउविजन, बिरुवा वितरण गरेको देखिन्छ। यसरी खरिद गरेका अनुदान सामग्रीहरू केही वर्षान्तसम्म वितरण नगई वितरणको क्रममा रहेका, केही वडा प्राविधिकबाट वितरण अनुगमन भएको भनियता पनि अनुगमन प्रतिवेदन, लागत लाभ प्रभावकारिता, उत्पादनमा बिउ वितरणबाट भएको वृद्धि जस्ता पक्षहरू मूल्याङ्कन हुन नसकेको स्थिति कायम छ। यस्ता अनुदान उत्पादनका आधारमा वितरण हुने व्यवस्था गर्नुपर्छ। जसले लागत प्रभावकारिता सुनिश्चित गर्न सकोस्।

| क्र.सं. | कार्यक्रम | वितरण प्रकार | अनुदान % | भुक्तानी रकम | वितरण परिमाण |
|---|---|---|---|---|---|
| १. | पशुपालन प्रवर्धन कार्यक्रम (प्रदेश सरकारतर्फ) | मकै बिउ सीपि ८०८ | ५०% | ३६४०००।- | ११२० कि.ग्रा. |
| २. | फलफुल बिरुवा वितरण (गा.पा. चालु तर्फ) | फलफुलका विरुवा | १००% | ४९९९५०।- | ३८९८ गोटा |
| ३. | बिउ वितरण कार्यक्रम | हिउँदे तरकारी बिउ | ५०% | ६९९८५०।- | वितरणको अवस्थामा रहेको |
| ४. | आलुको बिउ वितरण | आलु बिउ | १००% | ३०००००।- | ६००० कि.ग्रा. |
| ५. | तरकारी उत्पादन कार्यक्रम | प्लास्टिक सेल | ५०% | ३७३६२६।- | ११० गोटा |
| ६. | बर्खे तरकारीको बिउ वितरण | तरकारीको बिउ | ५०% | १०००००।- | वितरण नभएको |
| | | जम्मा | | २३३७४२६।- | |

उपरोक्त अनुदान वितरण कार्यक्रम अन्तर्गत यस वर्ष रु. २३ लाख ३७ हजार बराबरको कृषि अनुदान कृषकलाई वितरण गरेको देखिन्छ। हिउँदे तरकारीको वितरणतर्फ ५०% अनुदानमा १६८७ जनालाई काउली बन्दा सिमीको १० ग्रामको प्रति Kit प्याकेट बिउ वितरण गरेकोमा उक्त बिउको तपाईंको कृषि सामग्री पसललाई रु. ३४९९२५।- भुक्तानी गर्नुपर्नेमा रु ६९९८५०।- भुक्तानी भएकोमा २२ सेप्टेम्बर २०२४ मा भौचर नम्बरबाट पालिकाको खातामा रु. ३३८५२५।- दाखिला भएको बैंक दाखिला भौचर पेश भएको ५०% नपुग अनुदानको बाँकी रकम रु. ११४००।- वितरणबाट दाखिला हुनुपर्ने बाँकी रहेकोले उक्त रकम असुल हुनुपर्ने रु. ११४००।–

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,४०० |

३९ **आलुको बिउ**

बिडारी एग्रो एण्ड भेटनरी सेन्टरबाट ६००० के.जी प्रति केजी ५० को दरमा शत प्रतिशत अनुदानका लागि खरिद आलु बिउमध्ये वितरण भरपाईमा ५९०० के.जी मात्र वितरण गरेको वितरित भरपाईमा परिमाण थपघट, केरमेट, अनुदान लिनेको नाम केरमेट गरेको, कसलाई के कति परिमाणमा अनुदानमा आलु वितरण गर्ने निर्णय सिफारिस समेत पेश नगरी आलु वितरण गरेको देखियो। वितरणको सिफारिसका आधारमा मात्र यस्ता अनुदानको वितरण व्यवस्थित एवं पारदर्शी बनाई आवश्यकताका आधारमा व्यावसायिक किसान छनोट गरेर मात्र यस्ता अनुदान वितरण गर्नुपर्दछ । उपरोक्त अनुसार घटी वितरण भएको १०० के.जी आलु बिउको प्रति केजी ५० दरले असुल हुनुपर्ने रु. ५०००।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

४० **कृषि अनुदान**

सार्वजनिक निकायबाट अनुदान वितरण गर्दा छनोटको मापदण्ड र पारदर्शितालाई समेत ख्याल गर्दै विगत देखि दिएको अभिलेख समेत भिडान गरी दोहोरो नपर्ने गरी निजि क्षेत्र वाहेकको लाई उपलव्ध गराउनुपर्दछ । उपलब्ध गराएको अनुदानको सहि सदुपयोग भए नभएको

यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन समेत हुनुपर्दछ । पालिकाले कृषि कार्यक्रममा देहायका अनुदान खर्च भुक्तानि गरेको छ । अनुदानीत सम्पूर्ण कार्यक्रमको सहि सदुपयोग भए नभएको अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन समेत गर्नुपर्नेमा लाभ लागत, उपलव्धी समेतका आधारमा यस्ता अनुदान उत्पादनका आधारमा वितरण गर्ने पद्धती विकास गर्नुपर्नेमा वर्षैपिच्छे उपरोक्त आँकडाको अनुगमनवेगर अनुदान दिँदै आएको छ । पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि र आवश्यकताअनुसार अनुगमन एवं प्राविधिक मूल्यांकन गरेर उत्पादनका आधारमा अनुदान बितरण गर्नुपर्दछ ।

| कार्यक्रमको नाम र लाभग्राहिको नाम | खर्च रकम | अनुदान रकम | लाभग्राहिको लागत सहभागिता |
|---|---|---|---|
| आलु प्रवर्द्धन कार्यक्रम | ६०००० | ३००००० | ३००००० |
| प्लाष्टिक पोखरी निर्माण सहयोग कार्यक्रम | ७४१५० | ३७०७५ | ३७०७५ |
| प्लाष्टिक टनेल हाउस निर्माण सहयोग कार्यक्रम | ५९८३५२ | २९९४७६ | २९९४७६ |

सैद्धान्तिक बेरुजु

४१ **कार्यालयमा उपस्थितिमा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम (७) बमोजिम सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसूची २ बमोजिमका दरमा दैनीक भत्ता पाउने उल्लेख छ ।पालिकाका देहायका कर्मचारीहरुको भ्रमण आदेश भएकोमा निजको हाजिरी छड्के गर्दा सो अवधिमा पालिकामा हाजिरी गरेको देखियो । निज कर्मचारीहरुले पालिकामा हाजिरी गरेको अवस्थामा समेत भ्रमण विल पेश गरी भ्रमण खर्च भुक्तानि लिएको रकम नियमसम्मत नभएकोले भुक्तानी लिएको भ्रमण खर्च रकम सम्बन्धित कर्मचारीबाट असूलगर्नुपर्ने रु.

| कर्मचारीको नाम | भ्रमण अवधि | भ्रमण भत्ता रकम रु. |
|---|---|---|
| मनोसामाजिक परामर्शकर्ता श्री प्रमिला तोलाङ्गे | ०८०।१०।१७ देखि १९ सम्म | २९६० |
| | ०८०।०३।२० देखि २२ सम्म | ३००० |
| श्री लक्ष्मि भुजेल | ०८०।०३।२० देखि २२ सम्म | ३००० |
| जम्मा | | ८९६० |

| असुल गर्नुपर्ने | ८,९६० |
|---|---|

४२ **महंगि भत्ता** (१०५-२०८१-१-१६):

निजामती सेवा नियमावली २०५० को नियम ९१ मा निजामती कर्मचारीले अर्थमन्त्रालयद्धारा निर्धारित तलबमान अनुसार तलब भत्ता पाउने उल्लेख छ । पालिकाले जनस्वास्थ्य निरीक्षक छैठौ श्री पार्वती कुमारी बस्नेतको ०८१ वैशाख महिनाको पारिश्रमिक भुक्तानीमा महंगि भत्ता रु. २००० का दरले भुक्तानी हुनुपर्नेमा रु. ४००० भुक्तानी भएकोले बढि भुक्तानी भएको महंगि भत्ता रकम असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २,००० |
|---|---|

४३ **पोशाक भत्ता**

निजामती सेवा नियमावली २०५० को नियम ११९(क) मा प्रत्येक निजामती कर्मचारी कार्यालयमा उपस्थित हुँदा नेपाल सरकारले तोके बमोजिमको पोशाक लगाउनुपर्ने र सोको लागि प्रत्येक चैत्र महिनाको तलबसँगै पोशाक भत्ता भुक्तानी गर्ने व्यवस्था उल्लेख छ । कर्मचारी अध्ययन विदामा बस्दा कार्यालयमा उपस्थित हुन नपर्ने भएकोले पोशाक लगाउनु पर्ने देखिदैन ।पालिकाले देहायका कर्मचारीहरु तलबी अध्ययन विदामा रहेको अवस्थामा पोशाक भत्ता उपलब्ध गराएकोले सो रकम सम्बन्धित कर्मचारीबाट असूल हुनुपर्ने रु.

| कर्मचारीको नाम र पद | स्विकृत विदा अवधि | पोशाक भत्ता रकम | पोशाक भत्ता रकम कर कट्टि पश्चात |
|---|---|---|---|
| सि. अ . न . मी . श्री कौशिला राई | २०८०।०२।३२ देखि २०८४।०२।३१ | १०००० | ९९०० |
| अ. न . मी . श्री चण्डिका श्रेष्ठ | २०७८।०८।१९ देखि २०८१।०८।१८ | १०००० | ९९०० |
| जम्मा | | | १९८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,८०० |

४४ **समायोजन ग्रेड**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समायोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भई गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केल मात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकम भन्दा कम भएमा प्रचलित कानूनबमोजिम उपलब्ध गराउने उल्लेख छ । यस पालिकाका निम्नानुसार स्वास्थ्य तर्फका कर्मचारीलाई समायोजन ग्रेड भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात पनि समायोजन ग्रेड (संचयकोष थप समेत) भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड असुल हुनुपर्ने रु.

| कर्मचारीको नाम | स्तर वृद्धि तह।पद | स्तरवृद्धि लागु मिति | बढि भुक्तानी भएको सामान्य ग्रेड रकम( क ) | समायोजन ग्रेड( ख ) | १०% सञ्चयकोष सहित बढि ( क + ख ) | १% कर कट्टि पश्चात बढि ग्रेड रकम |
|---|---|---|---|---|---|---|
| लक्ष्मण शाह | अधिकृत छैठौं जन. स्वा . नि . | २०७९। १०।१ | १४५७* १३ = १८९४१ | २९१४* १३ = ३७८८२ | ६२५०५ | ६१८८० |
| झुमा मुक्तान | अधिकृत छैठौं जन. स्वा . नि . | २०७९। ०२।५ | १४५७* ११ = १२७२७ | २९१४* १३ = ३७८८२ | ५५६७० | ५५११३ |
| उमनाथ तिवारी | सहायक पांचौ सि. अ . हे . व . | २०८०।१। ७ | – | २१९४* १३ = २८५२२ | ३१३७४ | ३१०६० |
| अञ्जली पौडेल | सहायक पांचौ सि. अ . हे . व . | ०८०।९। ०५ | – | २१९४* ७ = १५३५८ | १६८९४ | १६७२५ |
| सुरेशनाथ प्याकुरेल | सहायक पांचौ सि. अ . हे . व . | ०७९।३। २२ | – | २३१६* १३ = ३०१०८ | ३३११९ | ३२७८८ |
| संगिता पाख्रिन | सहायक पांचौ सि. अ . न . मी . | ०७६।९।८ | – | २३१६* १३ = ३०१०८ | ३३११९ | ३२७८८ |
| अप्सरा भण्डारी | सहायक पांचौ सि. अ . न . मी . | ०७८।१२। १३ | – | २३१६* १३ = ३०१०८ | ३३११९ | ३२७८८ |
| कौशिला राई | सहायक पांचौ सि. अ . न . मी . | ०७८।१२। १४ | – | २३१६* १३ = ३०१०८ | ३३११९ | ३२७८८ |
| टिकादेवी न्यौपाने | सहायक पांचौ सि. अ . न . मी . | ०७६।१।२ | – | २३१६* १३ = ३०१०८ | ३३११९ | ३२७८८ |
| जम्मा | | | | | | ३२८७१८ |

| असुल गर्नुपर्ने | ३,२८,७१८ |
|---|---|

४५ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष ०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत रहेको ५ बर्थिङ सेन्टरमा गत वर्ष ३०० थानको रु. २९८९९८ र यस वर्ष ४०० थान को रु. ३९३२४० खरिद गरेकोमा गतवर्ष २०९ जना र यस वर्ष १६२ जना गरी ३७१ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ३२९ थान न्यानो झोला मौज्दातमा रहेका छन् । पालिकाले गर्भवती महिलाको तथ्यांकको आधारमा माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी न्यानो झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४६ **ननफाइलर**

मूल्य अभिवृद्धी कर नियमावली २०७३ को नियम ६(ग) अनुसार विजकमा दावी मुअकर रकमको ३० प्रतिशतले हुने रकम सम्बन्धित राजश्व शिर्षकमा र वॉकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भूक्तानी दिनु पर्ने व्यवस्था छ । यसरी भूक्तानी लिएको ७०% मुअकर रकम सम्वन्धित फर्मको दर्ता भएको आन्तरिक राजश्व कार्यालयमा पछिल्लो महिनाको २५ गते भीत्र बुझाउनु पर्नेमा राई कष्ट्रक्सन एण्ड सप्लार्यस प्रा.ली. (पा.नं. ६०४२४०१०१) आ.रा.का गल्छीमा मुअकर दर्ता रहेको मा उक्त फर्मले २०८० श्रावण देखी नै मुअकर विवरण नवुझाई Non filer रहेको देखिन्छ । अत: पालीकाबाट थारे खोला भुजेल गाउँ पण्डीत पौवा सडकबाट दोश्रो रनिङ्ग विलमा थप लगेको मुअकर रकम रु ६२३२६१।- विवरण पेश नगरेको हुदा उक्त भुक्तानीमा थप दिएको मुअकर समायोजन प्रमाण पेश हुनु पर्ने रु. ६२३२६१।-

| प्रमाण पेश नगरेको | ६,२३,२६१ |
|---|---|

४७ **धारे खोला भुजेल गाउँ बतासे पण्डित पौवा सड़क स्तरोउन्नती**

४७.१ धारे खोला भुजेल गाउँ बतासे पण्डित पौवा सड़क स्तरोउन्नतीको लागी निर्माण व्यवसायी राई कन्ट्रक्सन एण्ड सप्लायर्स (Pan no ६०४२४०१०१) संग २०८०.०८.२२ मा रु. १४३७६९३५।७३ (vat PS समेत) मा ठेक्का सम्झौता भएको छ । २०८१।०३।३१ मा कार्य सम्पन्न गर्नु पर्ने सर्त अनुसार कार्यादिश भएकोमा दोश्रो रनिङ्ग विल सम्म रु. ७७३९३७९।- भुक्तानी भएको उक्त ठेक्काको विल परीक्षण गर्दा निम्न व्यहोरा देखिएका छन् ।

| सैद्धान्तिक बेरुजु |
|---|

४७.२ **विमा:**

सार्वजनीक खरीद नियमावली २०६४ को नियम ११२ (१) अनुसार २० लाख रुपैया भन्दा वढीको निर्माण कार्यका लागि निर्माण व्यवसायीले तोकीएका कुराहरुको सम्झौता कार्यन्वयन को १५ दिन भित्र विमा गराउनु पर्ने व्यवस्था छ । ठेकेदार सँग उपरोक्त सड़क स्तरोन्नतीको ठेक्का २०८०।०८।२२ मा सम्झौता भएकोमा २०८० चैत्र २१ गते मात्र अजोड इन्सोरेन्सवाट विमा गराई रु. ६१५५४। ५७ भुक्तानी भएको देखियो। प्रथम रनिङ, विल भुक्तानी लिए पछी विमा गराउनुको औचित्य नरहेकोलो विमा वापत भुक्तानी भएको उक्त खर्च अनियमीत देखिएको रु. ६१७५४।५७

| अनियमित भएको | ६१,७५४ |
|---|---|

४७.३ **मापन परीमाण फरक पारी वढी भुक्तानी :**

रनिङ्ग विलको भुक्तानीलाई नापी कितावमा मापन भएको परीमाणलाई consulted रूपमा carry गरी मापनको परिमाण एकिन प्रमाणीत गरेर सो आधारमा रनिङ निलको मापन मूल्याङ्कनको आधारमा भूक्तानी गर्नुपर्ने कानूनी व्यवस्था तथा ठेकेदार संगको सम्झौतामा उल्लेख भए बमोजीम निर्माण भएको कामको एकिन मूल्याङ्कन गरेर मात्र भुक्तानी गर्नु पर्दछ। प्रथम रनिङ्ग विलमा items no -9 compacting original ground Supporting sub base grade को स्वीकृत BOQ परिमाण 6960.95 $m^2$ मध्ये 55.81 $m^2$ मापन भई भुक्तानी भएकोमा दोश्रो रनिङ्ग विलमा उक्त परीमाणलाई अ.ल्या नगरी ६२३१.७१ मापनमा उक्त अघिल्लो परिमाण छुटाई ५८८५.$m^2$ मात्र देखाएर दोहोरो भुक्तानी गरेकोले घटी मापन भएको ३१५.७१ $m^2$ को तथा अघिल्लो विलको ५५.८१ (छुटेको) समेत ४०७.५२ $m^2$ को स्वीकृत दर रु. १५ का दरले हुने ६११२८।– तथा आईटम नं. १० को providing & laying runner sub gravel surface को MB मा ४९७.८५$m^2$ मापन भएको तर विलमा ९३१.७७ $m^2$ को विल भुक्तानी भएकोले मापन भन्दा वढी परिमाण ३४.९२ $m^2$ को स्वीकृत दर ९९५।– ले हुने रु. ३४७४५।४० समेत असुल हुनु पर्ने रु. ९५८७३।४०

| असुल गर्नुपर्ने | ९५,८७३ |
|---|---|

४७.४ **म्याद थप :-**

सार्वजनीक खरिद नियमावली २०६४ को नियम १२०(२) मा म्याद थप गर्दा ठेक्का समयमा कार्यान्वियन हुन नसक्नुको कारण आधार को आवश्यक जाचवुझ गर्नुपर्ने व्यवस्था तोकको छ। नियम १२१(क) मा समयमा कार्य सम्पन्न नगर्ने व्यवसायीलाई सम्झौता रकमको अधिकतम १०% नवढने गरी ढिला दिनको प्रति दिन ०.०५% ले हुने पुर्वनिर्धारित क्षतिपुर्ति लिएर मात्र मनासिव माफिकको म्याद थप गर्नु पर्ने व्यवस्था छ । घारेखोला भुजेलगाउ पण्डीत पौवा सडक स्तरोन्नतीको लागी राई कष्ट्रक्सन सँग २०८१।३।१५ मा कार्य सम्पन्न गर्ने गरी मुअकर बाहेक रु. १२७२२९५१।– मा ठेक्का सम्झौता भएकोमा वर्षान्त सम्म दोश्रो रनिङ्ग विलवाट रु. ३८६९४२१।– मात्र भुक्तानी लिएको देखियो। वर्षान्तमा ठेक्काको म्याद समाप्त भएको, म्याद थपको कानुनी प्रकृया लेखापरीक्षणको समय सम्म प्रारम्भ हुन नसकेको, सडक निर्माणमा ठेकेदारको उपस्थीती नरहेको अवस्था छ। समयमा संझौता अनुसार निर्माण कार्य नगर्ने ठेकेदारलाई सार्वजनीक खरीद ऐन २०६३ को दफा ५६, नियमावलीको नियम १२० तथा निज ठेकेदार सँगको सम्झौताको G.CC.13.2 मा उल्लेख भए वमोजिम पुर्वनिर्धारित क्षतिपुर्ति वापत हुने ठेक्का अंकको अधिकतम १०% ले रु. १२७२२९५।– मा नवढ्ने गरी क्षतिपुर्ति रकम असुल गरेर मात्र ठेक्काको म्याद थप गरी ठेक्का फरफारक गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८ **बृहत आधुनिक सिंचाई योजना**

४८.१ **ठेक्का नं. ४।२०८०।८१-** बृहत आधुनिक सिंचाई योजना (वार्ड नं १) को ठेक्का निर्माण व्यवसायी सनफोर्स सोलार एन्ड कन्स्ट्रक्सन प्रा.ली (पान नं. ६०१२२५०८२) संग २०८०।१०।२८ मा सम्झौता रकम रु. १२४५०२११।१३ (भ्याट ps समेत)माठेक्का सम्झौता भएको देखिन्छ । उक्त ठेक्का २०८१।३।३१ सम्म सम्पन्न गर्ने गरी कार्यदिश दिएको छ। ठेकेदारले हालसम्म २ वटा रनिङ्ग बिलबाट रु.८९६४७४०।१० भुक्तानी लिएको उक्त ठेक्का फाइल परीक्षणबाट निम्न अनुसार थप व्यहोरा देखिएका छन् ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८.२ विमा :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा निर्माण कार्यको रु २० लाख भन्दा बढीको ठेक्का सम्झौता हुँदा सम्झौता भएको मितिबाट १५ दिनभित्र कानुनमा तोकेको बमोजिमका कुराहरूको अनिवार्य बीमा गरी जोखिम कम गर्नुपर्ने व्यवस्था छ । बृहद आधुनिक सिंचाई योजनाको ठेक्कामा ठेकेदारलाई बिमाको पीएस आइटम्समा व्यवस्था गरेको तर ठेकेदारले दोस्रो रनिङ बिलको भुक्तानी लिँदा सम्म बीमा गरेको छैन । कानुनले तोकेको समय सीमाभित्र अनिवार्य बिमा गराएर मात्र ठेक्का कार्यान्वयन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८.३ पूर्व निर्धारित क्षतिपूर्ति:- सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० तथा ठेक्का सम्झौताको G.CC. १३.२ मा उल्लेख भए बमोजिम सिंचाई योजना सम्झौतामा उल्लेखित समयमा सम्पन्न गर्न नसकी ठेक्का करिब ५२% मात्र कार्य सम्पन्न भएको अवस्था देखियो । ठेकेदारले स्वीकृत कार्यतालिका अनुसार निर्माण कार्यको प्रगति हासिल गर्न नसकेको, निर्माण कार्यमा लापरवाही, ढिला सुस्ती गरेको अवस्था निर्माणमा देखिएकाले सम्झौता अनुसार निर्माण सम्पन्न गर्न नसक्ने ठेकेदारलाई ठेक्का अंकको अधिकतम १०% दरले नवढ्ने गरी प्रतिदिन ०.०५% का दरले पूर्वनिर्धारित क्षतिपुर्ति असुल गरेर मात्र मनासीव माफीकको समय थप गर्नुपर्ने अवस्था देखियो। ठेक्का अंक रु. ११०१७८८६ (भ्याट बाहेक) को ढिलाई वापत अधिकतम रकम रु.११०१७८८।- सम्म पूर्वनिर्धारित क्षतिपुर्ति असुल गरी ठेक्काको म्याद थप गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९(१०) बमोजिम जिम्मेवार पदाधिकारीले खर्च लेख्नु अघि भुक्तानीका बिल भरपाई, ठेक्का बिल, नापी किताब लगायतका खर्च प्रमाणित हुने आधार प्रमाण यकिन गरेर रित पुगे नपुगेको समेत यकिन गरेर मात्र भुक्तानीको लागि आदेश दिनुपर्ने व्यवस्था तोकेको छ । पालिकाले बृहत सिंचाई योजनाको भुक्तानी दिँदा प्रथम रनिङ बिलमा गएको भुक्तानीको कार्य दोस्रो बिलमा घटाई मापन गरेको छ ।

| M.B माभएका कार्यहरु | BOQ मा उल्लेख परिमाण | दर | $1^{st}$ RB मा मापन परिमाण | $2^{nd}$ RB मापन परिमाण | रकम घटाएको अंक |
|---|---|---|---|---|---|
| Road way e/w work | ५००$m^2$ | ५०० | २०२.५० | १७२.१४ | ८६०७० |
| Road way e/w work all types soil | ९६०० $m^2$ | ९५ | ९९५०.८२ | ३३२.१९ | ३१५५८ |
| जम्मा | | | | | ११७६२८ |

उपरोक्त बमोजिम प्रथम रनिङ बिलबाट मापन मूल्याङ्कन निश्चित भई भुक्तानीमा समावेश भएका उल्लेखित निर्माण कार्यको परिमाण एवं रकम दोस्रो रनिङ बिलमा घटी देखाई मापन मूल्याङ्कन गरेको नापी किताब तथा ठेक्का बिलबाट देखिएकोले प्रथम रनिङ बिलबाट गएको उक्त परिमाणको भुक्तानी रकम सम्बन्धित ठेकेदारबाट असुल हुनुपर्ने ११७९२८।–

| असुल गर्नुपर्ने | १,१७,९२८ |
|---|---|

४९ **शीर्षक फरक पारी निकासा (प्रदेश हस्तान्तरित पूजिगत)**

प्रदेश सरकारले स्थानीय तहलाई समानीकरण, विशेष तथा समपूरक बजेट विनियोजन गरी प्रदेश मातहतका योजनाहरू कार्यान्वयनमा ल्याएको छ। यसका लागि अर्थ मन्त्रालयले वर्गीकरण गरेको बजेट कार्यान्वयन दिग्दर्शन अनुसार चालु शीर्षकमा पुञ्जीगत प्रकृतिका कार्यहरू समावेश नहुने उल्लेख छ । प्रदेश सरकारले पालिकालाई चालु अख्तियारीमा पुञ्जीगत निर्माणका कार्यहरूमा बजेट विनियोजन गरी अख्तियारी दिएको देखियो।

| क्र.सं. | योजनाको नाम | सम्झौता | विनियोजित वजेट | खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १. | महादेव बेसी हार्नेचौर सडक स्तरोउन्नती | उपभोक्ता समिती | २५ लाख | २४२५००० | जटिल संरचना उपभोक्तावाट गराएको । |
| २. | चण्डिस्थान नेवारटोल सडक ग्राभेल स्तरउन्नती | उपभोक्ता समिती | २५ लाख | २४२५००० | जटिल संरचना उपभोक्तावाट गराएको । |
| ३. | बालुवा फाँट पैरे बत्तीसे सडक स्तर उन्नती | उपभोक्ता समिती | ३० लाख | २८८०००० | जटिल संरचना उपभोक्तावाट गराएको । |
| | | | जम्मा | ७७३००००।- | |

यस सम्बन्धमा थप व्यहोरा निम्नानुसार रहेका छन्।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ अनुसार सार्वजनिक निकायका प्रमुखले भेरिएसन स्वीकृतका लागि भेरिएसन आदेश जारी

गर्नु पूर्व आइटम वाइज बीयओक्युमा उल्लेखित स्वीकृत परिमाणको २५% एवं कुल ठेक्काको २% सम्मको भेरियसनको आधार कारण सहितको पुष्ट्याईका आधारमा भेरिएसन स्वीकृत गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था छ । उपभोक्ता समितिसँगको सम्झौतामा भेरियसनको कानुनी व्यवस्था देखिँदैन। पालिकाले बालुवा फाँट पैरे बत्तीसे सडक स्तरोन्नतिका लागि लगतइस्टिमेट रु. ३३४२५९१।२५ स्वीकृत गरी रु.३३८१२७०।९७ मूल्याङ्कन गरेर रु. २८८००००।- भुक्तानी दिएकोमा देहाय बमोजिम दिन नमिल्ने भेरिएसनको रकम रु. १०९९७२।- समेत थपी खर्च लेखेको अनियमित देखिएको रु.१०९९७२

| कामको विवरण | BOQ | दर | मेजरमेन्टवाट सिफारीस परिमाण | भेरिएशन परिमाण | रकम |
|---|---|---|---|---|---|
| Item no - 2. Stone soling/w | ६०.६२ | २६०३.६७ | ६३.५४ | २.९२ | ७६०३ |
| Item no - 4. Stone masonry/w | २२.५० | ७७९४.४८ | ३१.१६ | ८.६६ | ६७५०० |
| Item no - 5. Plumb reinforcement cement work | ८०.२० | १०९३९.३४ | ८२.९७ | २.७७ | ३०३०२ |
| Item no - 8. Sub grade losing Gravel | ४०० | ९३.३४ | ४२४.६६ | २४.६६ | २३०२ |
| Item no - 10. Sub course base. | ५० | ११३२.४८ | ५२ | २ | २२६५ |

| | |
|---|---|
| अनियमित भएको | १,०९,९७२ |

## ५० निःशुल्क पाठ्यपुस्तक अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका ०८०।८१ मा पालिका भित्रका सामूदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई विद्यार्थी संख्याको आधारमा पहिलो पटक ७५ प्रतिशत र दोस्रो पटक नपुग रकम २५ प्रतिशत विद्यालयको खातामा निकासा गर्ने व्यवस्था छ।पालिकाले श्री घैरुङदेवी निगाले आवि थाक्रेलाई निःशुल्क पाठ्यपुस्तक अनुदानवापत गो.भौ.नं. ८५।०८०।१२।२१ बाट कूल रु. २४९९८ निकासा गरेकोमा विद्यालयले पाठ्यपुस्तक खरिद गरेको विल भर्पाई परीक्षण गर्दा रु. २३२६९ को पाठ्यपुस्तक खरिदको विल पेश गरेकोले पाठ्यपुस्तक खरिद गरे पश्चात बाँकि रहेको बचत रकम सम्बन्धित विद्यालयले संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७२९ |

## ५१ आवासिय छात्र वृत्ति अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम नं. ७.२.१.१(४.१.४)(१) अनुसार स्थानीय तहले भौगोलिक अवस्था, विद्यालय र घरको दुरी अपाङ्गताको गम्भिरता र समूदायमा उनीहरुलाई अध्ययनका लागि अनुकूल विद्यालय सिकाई केन्द्र नभएको कारणले घरबाट दैनिक रुपमा विद्यालयमा आउन जान नसक्ने एंवम अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवास तथा संघ, संस्था वा अभिभावकले सञ्चालन गरेको होस्टेलमा बस्ने अपाङ्गता भएका बालबालिकाको सङ्ख्याको आधारमा प्रति विद्यार्थि प्रति महिना रु. ४००० का दरले १० महिनाका लागि जम्मा रु. ४०००० रकम विद्यालयलाई अनुदान दिने र विद्यालयले सो रकम मध्ये व्यक्तिगत सरसफाईका लागि आवश्यक पर्ने सामाग्रिहरु खरिद गर्न प्रति विद्यार्थी मासिक रु. ५०० का दरले १० महिनाको जम्मा रु. ५०००(पाँच हजार) सम्बन्धित छात्र छात्रालाई भर्पाई गराई नगद नै अनिवार्य रुपमा उपलब्ध गराउने र बाँकि रकमबाट आवास व्यवस्थापन गर्ने उल्लेख छ । आवासिय छात्र वृत्ति वापत श्री जनजागृत मा.वि. महादेववेशिका २३ जना अपाङ्गता भएका विद्यार्थीलाई प्रति विद्यार्थी रु. ४०००० का दरले कूल रु. ९२०००० अनुदान उपलब्ध गराएकोमा कार्यक्रम निर्देशिकाले भनेबमोजिमको विल भर्पाई प्रमाण कागजात पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२०,००० |

## ५२ शिक्षक दरबन्दी र पदपूर्ति

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामूदायिक विद्यालयको रिक्त शिक्षक दरबन्दिको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाई पठाउनु पर्ने तथा शिक्षा ऐन २०२८ को दफा १६ (च) १ मा जिल्ला शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका

आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात गर्नुपर्ने उल्लेख छ । यस आ.व.मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ ।

| विद्यालयको संख्या | दरबन्दी | पदपूर्ति संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| ४५ | २०२ | २०२ | १९६ | ६ | ० | ७०९७ | ३५.१३ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:३६ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका पदहरु स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **सेनेटरी प्याड व्यवस्थापन** (६६-२०८०-११-१६):

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आ.व. मा विभिन्न १९ वटा विद्यालयका कक्षा ६ देखि १२ सम्मका १९२१ जना छात्राका लागि ११७५० थान कूल रु. ९९५८१२ (मु.अ.कर सहित) को स्यानिटरी प्याड खरिद गरेको देखिन्छ । यसरी खरिद भएका स्यानिटरी प्याडको गुणस्तर परीक्षण प्रतिवेदन लिने गरेको छैन । वार्षिक रुपमा छात्राले प्रयोगमा ल्याउन सक्ने गरी खरीद एंवम वितरण गर्नु पर्ने उक्त स्वास्थ्य सामाग्रि वर्षको मध्यमा खरिद गरिएकोले उक्त सामाग्रि सम्बन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा स्यानिटरी प्याड खरिद गर्नुपर्नेमा वर्षको मध्यमा खरिद गरि वर्षान्तमा वितरण गरेको उचित देखिएन । कार्यक्रमको उद्वेश्य अनूरुप उपयूक्त समयमै स्यानिटरी प्याड खरिद गरी सम्बन्धित विद्यालयमा तत्काल वितरण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **सट्टा शिक्षक**

शिक्षा विभाग मानव स्रोत तथा विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ मा विद्यालयमा नियमित पठनपाठन गराउनु पर्ने र सट्टा शिक्षक राख्न नपाईने उल्लेख छ । पालिकाले विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा विद्यालयमा अध्यापन गराउने शिक्षिकाहरु सुत्केरी विदामा बसेको तथा शिक्षकहरु असाधारण बेतलबी विदामा बसेको अवस्थामा देहायबमोजिमका विद्यालयमा सट्टा शिक्षक नियूक्त गरी विद्यालयलाई निकासा दिएकोमा सट्टा शिक्षकमा नियूक्ति गर्न पाईने व्यवस्था नभएकोले पालिकाद्धारा सट्टा शिक्षक राखेकोवापत भुक्तानी भएको रकम नियमसम्मत नभएको रु.

| विद्यालयको नाम | शिक्षिकाको नाम | दरवन्दि प्रकार | सट्टा शिक्षकको नाम | तलब स्केल | भुक्तानी भएको तलब | कर कट्टि पश्चात |
|---|---|---|---|---|---|---|
| महाकाली मावि | जानुका काफ्ले | प्राशि गापा | सुमिता बस्नेत | १८४०० | ५५२०० | ५४६४८ |
| काउले आवि | शर्मिला थापा | प्राशि गापा | शर्मिला लामा | १८४०० | ५५२०० | ५४६४८ |
| महाकाली मावि | रिता रिजाल | प्राशि गापा | सुमिता बस्नेत | १८४०० | ५५२०० | ५४६४८ |
| चण्डिभूमि आवि | स्मृती तामाङ | प्राशि गापा | राधिका तामाङ | १८४०० | ५५२०० | ५४६४८ |
| अमर्खु मावि | सिर्जना विक | लेखापाल गापा | देउती कालिकोटे | १५००० | ४५००० | ४४५५० |
| कालिका मावि | नारायणी नेपाल | निमाशि गापा | दिक्षा खत्री | १९५५० | ५८६५० | ५८०६३ |
| कालिका मावि | चम्पा बख्रती | बाविके गापा | विनिता तामाङ | १७००० | ५१००० | ५०४९० |
| जम्मा | | | | | | ३७१६९५ |

| अनियमित भएको | ३,७१,६९५ |
|---|---|

## ५५ शिक्षण सहयोग अनुदान

अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरवन्दी वा राहत अनुदान भएका गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका विद्यालय माध्यमिक तह (९-१०) लाई न्यूनत्तम २ र आधारभुत तह नि.मा.वि. (६-८) लाई न्यूनत्तम १ शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ । पालिकाले निम्नुसारका विद्यालयमा कार्यविधि बमोजिम अनुदान निकासा गर्नुपर्नेमा देहायबमोजिम बढि निकासा गरेकोले बढि निकासा रकम रु. ७१८६४ सम्बन्धित विद्यालयबाट असूल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| भौ. नं . र मिति | विद्यालयको नाम | तह | शिक्षकको नाम | बढि निकासा | कैफियत |
|---|---|---|---|---|---|
| २।६।२९ | केवलपुर हे मावि | मा. वि . | दिपेन्द्र बस्नेत | ४३६८९ | चाडपर्व खर्च दोहोरो निकासा |
| ६५।११।१४ | जनजागृत मावि | मा. वि . | जनजागृत मावि | ५८२५ | माघ महिनाको तलब निकासा बढि भएको |
| २।६।२९ | आदर्श मावि | नि. मा . वि . | किरण परियार | १०१९४ | किरण परियारको नाममा रु. ९७५७२ निकासा भएकोमा भर्पाई रु . ८७३७८ मात्र भएको |
| ६५।११।१४ | महाकाली देवीस्थान आवि | नि. मा . वि . | मनुका विष्ट | १२१५६ | मनुका विष्टको नियुक्ति मिति ०८०।१०।१० भएकोमा माघ महिनाको पुरै तलब निकासा |
| जम्मा | | | | ७१८६४ | |

| असुल गर्नुपर्ने | ७१,८६४ |
|---|---|

## ५६ विद्यालय निकासा रजिष्टर

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानि भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ ।पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन ।

अद्यावधिक निकासाको अभिलेख नराख्दा दोहोरो निकासा विद्यालयलाई जान सक्ने स्थिति छ । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानि दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७ **छात्रवृत्ति वितरण** (१२५-२०८१-२-२७):

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम नं. ७.२.१.१ अनुसार विद्यालयलाई छात्रवृत्ति रकम निकासा दिंदा IEMIS अनुसार प्रविष्ट तथ्यांक सत्यापन गराई यकिन संख्याका आधारमा कक्षा १ देखि ८ सम्मका छात्रा तथा दलित छात्र,छात्राको लागि प्रति विद्यार्थी रु. ४०० का दरले हुने रकम निकासा दिने र यसरी निकासा दिएको रकम विद्यार्थीलाई वितरण गरेको भर्पाई पालिकामा पेश गर्नुपर्ने तथा रकम वितरण गर्न बाँकि भए पालिकामा निकासा फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका विद्यालयलाई IEMIS मा प्रविष्टि भएको विद्यार्थी संख्याको आधारमा निकासा दिएकोमा वितरण भर्पाइ परीक्षण गर्दा भर्पाई पेश नभएको निकासा रकम विद्यालयबाट निकासा फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम रु. | भर्पाई पेश रकम रु. | भर्पाई पेश नभएको रकम |
|---|---|---|---|
| घैरउदेवी आवि | १४४०० | ९६०० | ४८०० |
| वनदेवी आवि | ११२०० | ९२०० | २००० |
| महाकाली देवीस्थान आवि | २२००० | २०८०० | १२०० |
| भगवती आवि | २२८०० | १७२०० | ५६०० |
| हिमालचुली आवि | ३६०० | २८०० | ८०० |
| सुन्दरी आवि | ६००० | ४४०० | १६०० |
| सिद्धेश्वरी आवि | ७६०० | ६८०० | ८०० |
| आदर्श मावि | ३५२०० | ३२४०० | २८०० |
| महाकाली मावि तसर्पु | २७६०० | २२८०० | ४८०० |
| जनजागृत मावि | १५४४०० | १४४४०० | १०००० |
| महाँकालेश्वरी मावि | ४३६०० | ४१६०० | २००० |
| जम्मा | | | ३६४०० |

| असुल गर्नुपर्ने | ३६,४०० |
|---|---|

५८ **ओ.जे.टि. अनुदान** (१६४-२०८१-३-१७):

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५०(२.६) मा शिक्षण सिकाइ सामाग्री तथा ओ.जे.टि. व्यवस्थापनका लागि प्राविधिक धारका विद्यालयलाई अनुदान अन्तर्गत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी रु. १५००० का दरले हुन आउने रकम एकमूष्ट अनुदान दिने र सो रकमबाट प्राथमिक तह तृतीय श्रेणीको १ जना ल्याब असिस्टेन्ट नियूक्त गर्ने, व्यवहारिक अभ्यासमा सहभागी विद्यार्थीलाई प्रति महिना रु. १००० का दरले विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने र बाँकी रकमबाट प्रशिक्षक भत्ता एवम् ल्याव सामाग्रिका अतिरिक्त विद्यार्थीका लागि पाठ्यपुस्तक/पाठ्यसामाग्रि लगायतका शिक्षण सिकाई व्यवस्थापनका लागि उपयोग गर्न सकिने र कार्यक्रमसँग सम्बन्धित प्रगति प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले श्री जनजागृत मा. वि. थाक्रे-६ का सिभिल ईन्जिनियर तर्फका कक्षा ९ का

३६ जना, कक्षा १० का १४ जना, कक्षा ११ का १५ जना र कक्षा १२ का २४ जना गरी कूल ८९ जना विद्यार्थीका लागि प्रति विद्यार्थी रु. १५००० का दरले एकमूष्ट रु. १३३५००० निकासा गरेकोमा विद्यालयले सो अनुदानवापत गरेका खर्चका विल भर्पाई प्रमाण कागजातको प्रगति प्रतिवेदन पेश नगरेकाले सोको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,३५,००० |

५९ **निजी स्रोत शिक्षक**

पालिकाले आफ्नो क्षेत्र भित्रका स्विकृत दरवन्दि अनुसार कार्यरत शिक्षक कर्मचारीलाई नियमानुसारको तलब भत्ता लगायतका सुविधा खर्च लेख्दै आएको छ । संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ.व. २०८०।८१ मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका २९ वटा सामुदायिक विद्यालयहरुमा जम्मा ७८ जना शिक्षकलाई करार सम्झौता गराई स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन गरेको छ ।यस आ.व. मा ७८ जना स्वयंसेवक शिक्षकको तलवमा कुल रु. २,४४,५१,००० खर्च लेखेकोले पालिकालाई थप व्ययभार पर्न गएको छ । पालिकाको यस आ.व. को कूल आन्तरीक आय रु. ४,३४,३८,८२६ भएकोमा निजि स्रोत शिक्षक व्यवस्थापनमा रु. २४४५१००० खर्च गरेको छ । यसरी पालिकाले निजि स्रोत शिक्षक व्यवस्थापनमा आन्तरीक आयको ५६.२९% रकम खर्च गरेको देखिन्छ । पालिकाले विद्यालयहरुको ओनएमको व्यवस्था गरी शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था यकिन गरी स्थायि शिक्षक पदपूर्ति गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६० **प्रति विद्यार्थी लागत**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१ को क्रियाकलाप कार्यान्वयनमा प्रति विद्यार्थि लागत प्रभावी हुने गरी अनुदान निकासालाई आवद्ध गरेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | २२२९७०००० | २००५८०००० | ७०९७ | २८२६३ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. २८२६३ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । समानीकरण अनुदान पुँजीगत निर्माण, सामाजिक असमानता कम गर्ने प्रयोजनका लागि मात्र खर्च गर्नुपर्छ । सो रकम शिक्षकको तलब भत्तामा खर्च लेख्न मिल्ने देखिदैन । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका, पालिकावाट व्यवस्थापन भएका शिक्षकको तलव भत्ता एवं विद्यालयले गत विगतदेखि नै अन्य स्रोतबाट तलब भत्ता व्यहोरेका विद्यालयका निजी स्रोतका शिक्षकलाई समानीकरण अनुदानबाट रु २,५४,७१,०२५ तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन । आन्तरिक श्रोतवाट नै यस किसिमको भुक्तानी हुनुपर्नेमा वित्तिय समानिकरण अनुदानवाट भुक्तानी भएको नियमसम्मत देखिएन ।

| क्र.सं. | मिति | भौ. नं. | विवरण | डेबिट |
|---|---|---|---|---|
| १ | ०६/३०/२०८० | ४० | गा पा करार शिक्षक कर्मचारिको २०८० साउन देखि असोज सम्मको तलब र चाडपर्व खर्च | ८७४४३४५ |
| २ | ०७/२३/२०८० | ६४ | गा पा अनुदान शिक्षकको २०८० कार्तिक महिनाको तलब | २५६९७८० |
| ३ | ०९/०५/२०८० | १३७ | गा पा करार शिक्षकको २०८० मंसिर महिनाको तलब | ५३२१८३ |
| ४ | ०९/०५/२०८० | १३७ | गा पा करार शिक्षकको २०८० मंसिर महिनाको तलब | १८४६०१७ |
| ५ | १०/०९/२०८० | २१९ | गा पा अनुदान शिक्षकको २०८० पुष महिनाको तलब | १७२०८२० |
| ६ | ११/१४/२०८० | २९३ | गा पा करार शिक्षकको २०८० माघ महिनाको तलब | २३०६२४५ |
| ७ | १२/२१/२०८० | ३५८ | गा पा करार शिक्षकको २०८० फाल्गुन र चैत महिनाको तलब | ३४५९६१९ |
| ८ | ०२/२७/२०८१ | ५३८ | आधारभुत र माध्यमिक तहको २०८१ बैशाख र जेठ महिनाको गा पा तर्फको तलब भत्ता | ३२७२०१६ |
| ९ | ०३/१७/२०८१ | ५९८ | गा पा करार २०८१ असार महिनाको तलब | १०२०००० |
| | | | जम्मा | २५४७१०२५ |

सैद्धान्तिक बेरुजु

६२ **धरौटी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) क (१) मा निर्माण कार्यको कम्तिमा असि प्रतिशत काम सम्पन्न गरेको, काम सन्तोषजनक भएको र निर्धारित समयमा सम्पन्न हुने सुनिश्चित भएमा रिटेन्सन मनी बापत बैंक जमानत पेश गरी रिटेन्सन मनी फिर्ता मागेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सक्ने उल्लेख छ । पालिकाले निम्नानुसारका फर्म वा व्यवसायीहरुको धरौटी फिर्ता दिँदा सम्वन्धित फर्म वा व्यवसायीले कर कार्यालयमा आय विवरण समेत पेश गरेको प्रमाण पेश नभएकोले मु अ कर समायोजन प्रमाण पेश गरेका आधारमा यस्तो धरौटी फिर्ता दिनुपर्दछ ।

| गो भौ नं | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ०९।२०८०। ०७।२२ | डि.आर कष्ट्रक्सन (६०८७३९७३९) | ३,०७,३८० | बैंक ग्यारेन्टी पत्र समावेस |
| १३।२०८०। ०९।२६ | राई कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. (६०४२४१०१) | ७,००,००० | बैंक ग्यारेन्टी पत्र समावेस |
| १४।२०८०। १०।२१ | च्याङमिला कौशिल बस्नेत जे.भी. (६१३२६८७५४) | २४,६७,२८३ | बैंक ग्यारेन्टी पत्र समावेस |
| १९।२०८१। ०३।१९ | प्रसुन निर्माण सेवा प्रा.ली. (६०४२६४७४९) | ७,१३,७१३ | बैंक ग्यारेन्टी पत्र समावेस |
| ११।२०८०। ०८।२४ | सनातन कन्स्ट्रक्सन प्रा.ली. (६०६८०५०७६) | ५,०३,७४३ | बैंक ग्यारेन्टी पत्र (फोटोकपी) समावेस |
| ०८।२०८०। ०७।२२ | लिति कालिका कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. (६०९५५९४२०) | ४,१३,९१८ | कर समायोजन पत्रमा उल्लेख रकम र फिर्ता धरौटी रकमको भिडान नभएको |
| | **जम्मा** | **५१,०६,३३७** | |

सैद्धान्तिक बेरुजु

### ६३ प्रोत्साहन भत्ता

(६११।२०८१।०३।१८) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले अतिरिक्त समय काम गरेको पुष्टि हुने प्रमाण बेगर १५ औं गाउसभाको तयारीको प्रयोजनको लागि खटिएबापत प्रोत्साहन भत्ता स्वरुप १ महिना बराबरको तलब रकम १९ जना कर्मचारीलाई रु. ५४६७१८।– प्रोत्साहन भत्ता स्वरुप भुक्तानी गरेको छ।अतिरिक्त समय काम गरेको पुष्टि हुने विद्युतीय हाजिरी रेकर्ड बेगर तथा सो पुष्टि हुने अतिरिक्त कार्य गरेको उल्लेख गरी प्रोत्साहन भत्ता उपलब्ध गराएको नियमसम्मत देखिएन । यस किसिमको भुक्तानी खर्चमा पालिकाले आफ्नो आन्तरिक आयलाई समेत ध्यान दिँदै विभिन्न सुचक निर्धारण गरी संघीय कानुनलाई समेत ख्याल गरी कानुन वनाउने र मितव्ययी किसिमवाट दोहोरो खर्च भुक्तानी नहुने एकिन गरेर भुक्तानी दिने व्यवस्था अवलम्वन गरी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ६४ विज्ञापन बोर्डको कोष

विज्ञापन नियमन गर्ने ऐन २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । नमुना परिक्षणको क्रममा यस वर्ष सुचना प्रकाशन तथा पत्रपत्रिकामा निम्नानुसारको ३ प्रतिशत रकम समेतको खर्च लेखेकोमा यस्तो रकमको भुक्तानीमा उक्त व्यवस्था बमोजिम कोषमा रकम जम्मा गरेको देखिएन । नियममा भएको व्यवस्थाको कार्यान्वियन हुनुपर्दछ ।

| गौ.भौ.मिति | भुक्तानी पाउने फर्म | ३ प्रतिशत रकम |
|---|---|---|
| ३३।२०८०।६।३० | कञ्चनजंगा न्यूज नेटवर्क प्रा.ली. (६०९७४४९३६) | ८५५२ |
| ३३।२०८०।६।३० | भिजन एण्ड मिडिया (६१७२२३०१६) | ५४४६ |
| ७७।२०८०।०७।२४ | धादिङ्ग मिडिया प्रा.ली (३०४९२१९७५) | ६०५१ |
| २८१।२०८०।११।०९ | कञ्चनजंगा न्यूज नेटवर्क प्रा.ली. (६०९७४४९३६) | ५६४७ |
| २८१।२०८०।११।०९ | ग्रिक मिडिया प्रा.ली. (६०६६०६३८५) | २४२० |
| २८२।२०८०।११।०९ | गुडनेस मिडिया प्रा.ली. (६१०१७५०२६) | ३८०३ |
| २८३।२०८०।११।०९ | अतिथी मिडिया एण्ड इभेन्ट प्रा.ली | २७०५ |
| २८३।२०८०।११।०९ | ग्लोवल मिडिया | ४२३५ |
| ३५६।२०८०।१२।२१ | कञ्चनजंगा न्यूज नेटवर्क प्रा.ली. (६०९७४४९३६) | ६६९ |
| ३५६।२०८०।१२।२१ | विनायक मिडिया प्रा.ली (६०९५२५२१०) | १७०८ |
| ३९९।२०८१।०१।०४ | कृर्षी पत्रकार समाज धादिङ्गल (६००३५८८१३) | १४६०९ |
| ४५५।२०८१।०१।१७ | प्रतिबद्धता मिडिया प्रा.ली (६१०००४८२०४) | १४५२ |
| ४५५।२०८१।०१।१७ | नेपाल हब एडभटाईजिङ्ग एजेन्सी प्रा.ली | २७४३ |
| ४६५।२०८१।०१।३१ | विनायक मिडिया प्रा.ली (६०९५२५२१०) | २९४ |
| ४७४।२०८१।०२।११ | पाश्रर्व मिडिया प्रा.ली (६०६६०८२४३) | ३५०२ |
| | **जम्मा** | **६३८३६** |

सैद्धान्तिक बेरुजु

६५ **तिज विशेष कार्यक्रम**

३३७।२०८०।१२।०६ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(३) अनुसार कुनै पनि कार्यको भुक्तानी गर्दा बजेटको सिमाभित्र रही रितपूर्वक कागज प्राप्त भएपछि गर्नुपर्ने उल्लेख छ । उज्यालो महिला तिज विशेष कार्यक्रमबाट उज्यालो भविष्य महिला समुहलाई तीज कार्यक्रम गरेबापत रु. ५०००००।– भुक्तानी भएको छ । ४०० जना मात्र उपस्थिती रहेको कार्यक्रममा **म्युजिक सेन्टर एण्ड साउण्ड सर्भिस (६०६९६९५५८) को बिल**मा खाना बापत १४०० जनाको संख्या उल्लेख गरी भुक्तानी भएकोले उक्त खर्चको यथार्थता समेत एकिन हुन नसकेकोले आधार प्रमाण भन्दा बढी हुने गरी दिएको भुक्तानी नियमसम्मत नदेखिएको रु. ५०००००।-

| अनियमित भएको | ५,००,००० |
|---|---|

६६ **विपन्न संग अध्यक्ष कार्यक्रम**

गाउँपालिकाको विपन्न संग अध्यक्ष कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०७५ दफा १४(१) मा ३ सदस्यीय अनुगमन तथा मुल्यांकन समिति गठन गरिने र १४(२) मा सोहि बमोजिम गठन भएको समितिले कार्यक्रम मार्फत उपलब्ध गराएको रकम सदुपयोग भए नभएको बारे अनुगमन गर्ने व्यवस्था उल्लेख छ । पालिकाले विपन्न संग अध्यक्ष कार्यक्रममा २५ लाख विनियोजन गरी वाख्रापालन, अस्पतालमा आर्थिक सहायता लगायतका कार्यक्रम सञ्चालन गरी रु. २३,४१,००० खर्च गरेको छ । विभिन्न समयमा पटके रुपमा भुक्तानी रकमको सदुपयोग भए नभएको सम्वन्धमा नियमित अनुगमन नभएको, पालिकावाट यस्ता अनुदान खर्चको कार्यक्रम वाईज

भएको खर्च एवं उपलब्धी एकिन हुने गरी खर्चको मापदण्ड स्विकृत गरेर कार्यक्रममा खर्च गर्ने एवं सो को सामयिक प्रतिवेदन पेश गर्ने गरेको छैन । स्विकृत खर्चको मापदण्डको आधारमा नियमित अनुगमन गरी कार्यक्रमको प्रभावकारीता र खर्च रकमको औचित्य पुष्टि हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६७ **शिर्षक फरक पारी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने तथा (१२) मा वजेट अपर्याप्त रहेको तर खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा काममा वाधा पर्ने अवस्था भएमा खर्च गरी लेखा उत्तरदायी अधिकृत वाट नियम ४३ वमोजिम नियमित गर्न सक्ने उल्लेख छ। तर पालिकाले खर्च शिर्षक तथा संकेत फरक पारेकोमा उक्त खर्च पालिकावाट अनुमोदन नगराई शिर्षक फरक पारी खर्च लेख्नु नियम संगत नदेखिएको रु. १९३६०१९।

| भौ.नं.मिति | भएको शिर्षक | हुनु पर्ने शिर्षक | रकम |
|---|---|---|---|
| १४२।२०८०।०९।०६ | अन्य सामाजिक सहायता | विपन्न संग अध्यक्ष | ५८०००० |
| १६८।२०८०।०९।१९ | कार्यालय संचालन खर्च | खेलकुद सामाग्री खरिद | ३००००० |
| ४९१।२०८१।०२।१४ | मेशिनरी औजार तथा सवारी साधन भाडा | मसलन्द तथा कार्यालय सामाग्री | २२६००० |
| ६३१।२०८१।३।२० | सि.सि.टि.भी. क्यामरा जडान | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता | ८३००१९ |
| जम्मा | | | १९३६०१९ |

| अनियमित भएको | १९,३६,०१९ |
|---|---|

६८ **बढी तलव भुक्तानी**

स्थानीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७९ । ११ । १४ मा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४(४) बमोजिम कामकाज गर्न खटाएको पत्रमा प्रमुख प्रशासकीय अधिकृत मान बहादुर बरालको श्रेणी राजपत्रांकित तृतिय रहेको उल्लेख छ । पालिकाले राजपत्रांकित तृतिय श्रेणीका प्रमुख प्रशासकीय अधिकृतलाई स्थानीय तहको आठौं स्तरको कर्मचारीको सेवा सुविधा भुक्तानी गरेको देखियो । ऐन विपरित पालिकाले प्रमुख प्रशासकीय अधिकृतहरुलाई स्थानीय कर्मचारीको सेवा सुविधा भुक्तानी गरेकोले सोको आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ६५१७०।६०

| **कर्मचारी** | **अवधि** | **हुनुपर्ने मासिक** | **भुक्तानी भएको मासिक** | **बढी भुक्तानी वार्षिक (क सं कोष समेत)** |
|---|---|---|---|---|
| प्र प अ मानवहादुर बराल | श्रावण देखि जेठ | ४६६०१ | ५११९८७ | ६५१७०।६० |

| असुल गर्नुपर्ने | ६५,१७० |
|---|---|

६९ **खर्चको पुष्टयाई**

(६९३।२०८१।०३।२४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९.५ बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । बाघवच्छला आधारभुत विद्यालयको निम्नानुसार स्टेशनरी खरिद गरेकोमा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी (फोटोकपी बिल समावेश) खर्च लेखेको देखियो । तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| क्र.सं. | भुक्तानी लिनेको नाम र प्यान नं. | प्यान नं. | विजक नं. | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | कृपा प्रेस एण्ड स्टेशनरी प्रा.ली. | ३०१६३७६७९ | १२७ | ६३७३२ |
| २. | त्रिपुरा फेन्सी एण्ड स्टेश्नरी | ५००१२२२६४ | १००० | ३७००७ |
| | जम्मा | | | १००७३९ |

| प्रमाण पेश नगरेको | १,००,७३९ |
|---|---|

७० **बहाल कर कट्टी नगरेको**

(गो भौ नं ६६१।२०८१।०३।२३) आयकर ऐन २०५८ को दफा ८८ मा अग्रिम कर कट्टा गर्नुपर्ने उल्लेख छ । पालिकाले जेष्ठ नागरिकका लागि एम्बुलेन्स भाडा अनुदान खर्च शिर्षकबाट नवराज थापा (सहायक चौथो पद) को पेश्की फर्छ्यौटमा एम्बुलेन्स भाडामा लिएर रु. ५०५००।- खर्च जनाएकोमा गाडी भाडा बापतको बहाल कर कट्टी नगरेकोले उक्त कर रकम असुल गर्नुपर्ने रु. ५०५०।-

| असुल गर्नुपर्ने | ५,०५० |
|---|---|

७१ **सवारी साधन भाडा**

कार्यालयले यस वर्ष सवारी साधन भाडामा रु.१२ लाख विनियोजन भएकोमा रु.११९८५०० खर्च गरेको पाइयो । सो सम्बन्धी खर्चका बिल भरपाई परीक्षण गर्दा रकम माग गरेको निवेदन मात्र संलग्न गरी तोक आदेशका आधारमा भुक्तानी दिएको देखिन्छ । सवारी धनी र पालिका विचको सवारी साधन प्रयोगको सम्झौता जिल्ला दररेटले तोकेको दररेटको आधारमा दरभाउपत्रवाट प्रतिदिनको सवारी साधन भाडा दर तय गरी प्रतिस्पर्धात्मक दर रेटमा प्रयोजन स्पष्ट खुलाई अत्यावश्यक कार्यका लागी मात्र यस्ता सवारी साधन भाडामा लिई मितव्ययी खरिद गर्नुपर्नेमा सो वेगर पटके रुपमा फरक फरक दरमा प्रयोजन नखुलाई भाडा भुक्तानी भएको छ । सम्झौता र स्पष्ट प्रयोजन विना सवारी साधनमा खर्च गर्नु उचित देखिएन । सवारी साधन भाडामा लिादा कसको लागी र के कार्यमा जान भाडामा लिईएको हो, सुविधा पाउने हो होईन यकिन निर्धारण गरी खर्च लेख्नुपर्दछ । प्रयोजन नतोकि स्विकृत कार्यक्रम कार्यान्वयन गर्ने उद्धेश्य वाहेक भाडा भुक्तानीको अभिलेख नराखी भाडामा लिने र भुक्तानी दिनेलाई जिम्मेवार वनाउनुपर्दछ । यसरी भाडामा सवारी साधन पटके रुपमा लिई भुक्तानी गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७२ **कार्यक्रम उत्पादन तथा प्रसारण**

(गो भौ नं ५७२।३।१२) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस पालिकाले धुनिवेशि नगरपालिका वडा नं ८ मा रहेको नेपाल सोसल ई मिडिया प्रा लि धादिङ्गसँग राम्रो पालिका हाम्रो पालिका कार्यक्रम सञ्चालनका लागी मिति २०८०।१०।१० मा सम्झौता तथा कायदिशमा उल्लेख भएअनुसार उत्पादन र प्रशारण गरेको जनाई Nepal social media pvt ltd (विजक नं ००२।१।२०८०, भ्याट नं ६१०४९९६८९) रु.९५००० भुक्तानी भएको छ । सम्झौताको शर्त नं २ मा उत्पादन भएको कार्यक्रम न्युज २४ टेलीभिजनवाट सम्झौता भएको मितिले १५ दिन अर्थात् २०८०।१०।२५ सम्म प्रशारण समेत गर्ने उल्लेख छ । त्यस्तै शर्त नं ४ मा उल्लेख भएअनुसारको लेखापरीक्षण अवधिसम्म प्रशारण भएको प्रशारण प्रमाणपत्र तथा लगसिट पेश भएको छैन । उल्लेखित कार्यक्रमको भुक्तानी समेत अन्य सामाजिक सहायता शिर्षकवाट भएको पाईयो । उल्लेखित फर्मवाट विजक सच्याई केरमेट समेत गरेको पाईएकोले उक्त कार्यक्रम वास्तविक रुपमा उत्पादन भई न्युज २४ टेलिभिजनवाट प्रशारण भएको यकिन हुने आधार प्रमाण पेश हुन सकेन । उक्त कार्यक्रम उत्पादन एवं प्रशारणको सक्कल प्रमाण पेश हुनुपर्ने रु.९५०००

| प्रमाण पेश नगरेको | ९५,००० |
|---|---|

७३ **प्रकाशन प्रसारण तथा विल भरपाई**

(गो भौ नं ६७३।३।२४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले त्रिपुरा मिडियालाई रु.४९३३६ र राजमार्ग सामुदायिक सञ्चार केन्द्र लाई रु.१२३३४१ समेत कुल रु. १७५०००(कर सहित) प्रयोजन नखुलाई विविध शिर्षकवाट भुक्तानी खर्च लेखेकोमा के वापतको भुक्तानी भएको हो व्यहोरा नखुलेको, कार्यक्रम प्रकाशन प्रशारणको सम्झौता समेत नभएको अवस्थामा यस्ता प्रयोजन नखुल्ने खर्च लेख्नु कानुनत उचित होईन । यस्ता सम्झौता वेगरका प्रयोजन निश्चित नभएका खर्च लेख्ने आधार वेगरका खर्च कर वाहेकको रकम असुल हुनुपर्ने रु.१७२६७७

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७२,६७७ |

७४ **बढी भुक्तानी**

(गो भौ नं ३६६।१२।२६) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले कृषक कार्ड छपाई वापत हेभर्ड प्रिन्टिङ्ग प्रेसलाई छपाई खर्च रु.२८७५० भुक्तानी दिनुपर्नेमा दोहोरो बढि भुक्तानी अर्थात् जम्मा रु५६५०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु.२८७५० हेभर्ड प्रिन्टिङ्ग प्रेसवाट असुल गर्नुपर्ने रु.२८७५०

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,७५० |

७५ **विनियोजन भन्दा बढी अनुत्पादक खर्च तथा फरक शिर्षकवाट लेखांकन**

(गो भौ नं ६३१।३।२० र ५८७।३।१३) एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४(दोश्रो परिमार्जन) बमोजिम जुन शीर्षकमा बजेट विनियोजन भएको हो सोही शीर्षकमा खर्च गर्न मिल्ने उल्लेख छ । पालिकाले सि सि टि भि क्यामेरा जडान शिर्षकवाट राष्ट्रपति रनिङ्ग शिल्ड खर्च रु.८३००१९ र रु.८५०००० भुक्तानी भई वाँकि रु.८५०००० भुक्तानी वाँकि रहेको पालिकाले जनाएको छ । खसि मासु खाना सेट ८४० थान को रु २९३३०२ समेत, विभिन्न खाना खाजा विलको रु ४५६०२२ र अन्य पटके विल संलग्न गरी कुल जम्मा रु.२५३००१९ खर्च भएकोमा वजेट अपुग भएको उल्लेख गरी रु.८५०००० भुक्तानी वाँकी प्रमाणित गरी अभिलेख तयार गरेको छ । फरक शिर्षकवाट खर्च लेखिएको र यस प्रकारको प्रयोजन समेत नखुल्ने अनुत्पादक खर्चको उपयोगिता समेत नदेखिएको हुनाले सो खर्च भुक्तानीका लागी स्विकृति दिनेलाई जवाफदेहि वनाई यस्ता शिर्षक विपरित हुने स्वविवेकिय खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्ने देखिन्छ । प्रयोजन विपरित भुक्तानी भएको उक्त रकम अनियमित देखिएको रु.२५३००१९

| | |
|---|---|
| अनियमित भएको | २५,३०,०१९ |

७६ **अनुगमन तथा मुल्यांकन**

पालिकाको अनुगमन तथा मुल्यांकन सम्वन्धी कार्यविधि २०७७ को वुदा नं २-४ मा पालिकामा अनुगमन समिति रहने र सो समितिमा ५ जना रहने व्यवस्था रहेको साथै आवश्यक्तानुसार विज्ञ समेत समावेश गर्न सकिने उल्लेख छ । पालिकाले विभिन्न समयमा पालिकाअन्तर्गतका योजना तथा कार्यक्रमको अनुगमन वापत भएको भुक्तानीको नमुना परिक्षण गर्दा कार्यविधिमा उल्लेख भएभन्दा बढी संख्यामा भुक्तानी भएको पाईयो । अनुगमन समितिवाट कार्यविधिले तोकेअनुरुपको अनुसुचि १ अनुसारको अनुगमन प्रतिवेदन पेश हुनुपर्नेमा सो समेत संलग्न नगरी कार्यविधि भन्दा बढी भुक्तानी भएको रकम नियमसम्मत देखिएन । अनावश्यक एवं अव्यवहारिक अनुगमन भएको भुक्तानी सम्वन्धी यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।

| गो भौ नं | विवरण | जना | रकम | बढी अनुगमनकर्ता (विज्ञ) | बढी अनुगमन भत्ता (विज्ञ) |
|---|---|---|---|---|---|
| ४८३।२।१३ | प्र म रोजगार कार्यक्रम | १० | ७०००० | ५ | ३५००० |
| ३३६।१२।६ | विभिन्न योजना | १२ | २३१००० | ७ | १३४७५० |
| ४५८।१।२८ | विभिन्न योजना | १५ | २६६००० | १० | १७७३३० |
| ६५६।३।२३ | विभिन्न योजना | १२ | ८७४०० | ७ | ५०९८० |
| ६८०।३।२४ | प्र म रोजगार कार्यक्रम | १३ | ९६००० | ८ | ५००७५ |
| २७१।११।३ | लैङ्गिक समानता सम्वन्धी दिवसिय कार्यक्रम | १५ | १५००० | १० | १०००० |
| २७७।३।१८ | विभिन्न २५ योजना | १२ | २२०००० | ७ | १२८३३० |
| | कुल जम्मा | | | | ५८६४६५ |

सैद्धान्तिक बेरुजु

७७ **कार्यक्रमको यथार्थता**

(गो भौ नं ३९९।१।४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिका र कृषि पत्राचार समाज धादिङ्ग सँग पालिकाभित्र भएका विभिन्न कृषि कार्यक्रमको प्रभावकारीता सम्वन्धमा मुल्यांकन गरी प्रतिवेदनको लागी रु. ५ लाखको सम्झौता भएको छ । सम्झौताको शर्त नं ६ मा प्रत्येक ६/६ महिनामा सरोकारवाला समेतको उपस्थितिमा कार्यक्रम प्रभावकारी वनाउने वारे सामयिक रुपमा छलफल कार्यक्रम आयोजना गर्ने उल्लेख छ । यस सम्वन्धमा कृषि पत्रकार समाजवाट जारी कर विजक मात्र संलग्न गरी रु.४८६९९७ भुक्तानी दिएको छ । कार्य्रकम सञ्चालन सम्वन्धमा वास्तविक रुपमा सम्झौता अनुरुपको कार्य सम्पन्न भए नभएको सम्वन्धमा पालिकाले नियमित अनुगमन समेत गरी कार्यसम्पन्न भए/नभएको यकिन गरी कार्यसम्पन्न प्रतिवेदन समेतका आधारमा बजेट खर्च लेख्नुपर्नेमा प्रमाण वेगर खर्च लेखेको रु ४८६९९७

| प्रमाण पेश नगरेको | ४,८६,९९७ |
|---|---|

७८ **कर संकलक भत्ता**

पालिकाले नदिजन्य पदार्थको ठेक्का आव्हान गर्दा २ पटकसम्म ठेक्का नपरेको कारण अमानतवाट करिव २२० दिन वालुवा गिट्टी निकासिको चेकजाँच गरी राजस्व संकलनका लागी कार्यालयका प्रमुख प्रशासकिय अधिकृत समेतका कर्मचारी एवं नेपाल प्रहरी परीचालन गरी कर असुल गरेको देखियो । अमानतवाट कर संकलनका लागी यातायात तथा खाजा र अन्य भत्ता समेत गरी गो भौ नं २०३।१०।४ वाट पालिकाको कर्मचारीलाई रु.२८६६१०० र गो भौ नं ३४८।१२।२० वाट सुरक्षा पहरा वापत नेपाल प्रहरीलाई रु.१३३९०० समेत गरी कुल जम्मा रु.३० लाख रुपैया थप भुक्तानी भएकोमा सो कार्यका लागी ड्युटि सेड्युल तयार भएको तर उक्त समयको हाजिरी जनाएतापनी सो अद्यावधिक गरी प्रमाणित गरेको पाईएन । सक्कल हाजिरी प्रमाणित गरी भुक्तानी गर्ने र कर संकलनमा खटिने कर्मचारीको कार्यतालिका, पालो पहरा दिने प्रहरी लगायत सुरक्षा निकायले खटाएको प्रमाण तथा नियमित गस्ति हाजिरि रेकर्ड प्रमाणित भई आएपश्चात् मात्र यस्ता आकस्मिक खर्चको भुक्तानी हुनुपर्दछ । उपरोक्तानुसार समयमा नदिजन्य पदार्थको ठेक्का कार्यान्वयन हुन नसक्दा पालिकालाई रु.३० लाख थप व्ययभार परेको छ ।

सैद्धान्तिक बेरुजु

७९ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका ०८०।८१ को कार्यक्रम नं. २.७.११.१ मा पालिका भित्रका सामूदायिक विद्यालयमा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकालाई ईमिसको डाटा र उपस्थित दरलाई सत्यापन गराई प्रति विद्यार्थी प्रति दिन रु. १५ का दरले (विद्यालय सञ्चालन भएको दिनमा मात्र) गरी कूल १८० दिन ननाघ्ने गरी निकासा दिने उल्लेख छ । नमूना छनौटका आधारमा पालिकामा दिवा खाजा वापत निकासा भएका विद्यालयहरुको निकासा र विद्यालयले पेश गरेको प्रमाणित हाजिरी भिडान गर्दा देहायका विद्यालयहरुको ईमिस विद्यार्थी संख्यालाई १८० दिनको दिवाखाजा वापतको रकम निकासा हुनुपर्नेमा १८० दिनभन्दा बढि दिनको दिवाखाजा रकम निकासा भएकोले बढि निकासा रकम सम्बन्धित विद्यालयबाट असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा भएको रकम रु. | निकासा हुनुपर्ने रकम रु . | बढि रकम रु . |
|---|---|---|---|
| भगवती आ. वि . | २०२१२५ | १९१७०० | १०४२५ |
| सेतीदेवी आ. वि . | ४१०४० | ३५१०० | ५९४० |
| जम्मा | | | १६३६५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३६५ |

८० **विद्यालय अनुदानको अनुगमन**

विद्यालय कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था गरेको छ । यस वर्ष विभिन्न ४५ विद्यालयहरुलाई रु. ३,५३,१२,००० अनुदान निकासा दिएकोमा संयन्त्र परिचालन भएको, अनुदान खर्चको अनुगमन गरेको पाइएन । पालिकाले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि संयन्त्रलाई नियमित रुपमा परिचालित गरी अनुगमनको व्यवस्था गरी प्रतिवेदन अभिलेखको रुपमा लेखाङ्कन समेत गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८१ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | यस आ.व.मा पालिकाले देहायका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु. ३,४०,२७,७४७ खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाई भुक्तानी गरेको ग्रेड रकम यकिन गर्न सकिएन । स्विकृत तलवि प्रतिवेदनका आधारमा मात्र कर्मचारीको तलब खर्च लेख्नुपर्दछ ।

| विवरण | कर्मचारी संख्या | कूल तलब भत्ता रकम |
|---|---|---|
| पालिका चालु तर्फ विभिन्न कर्मचारी | ३५ | २२९०९२११ |
| स्वास्थ्य कर्मचारी | १७ | १११९८५३६ |
| जम्मा | ५२ | ३४०२७७४७ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८२ **बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ को कार्यक्रम नं. २.८.१ को (१.१) मा स्थानीय तहले विद्यालय र विद्यालयसँग मातृसम्बन्ध स्थापना गरी सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रको बालविकास शिक्षकको पारिश्रमिक प्रति महिना रु १०००० का दरले १२ महिना र चाडपर्व खर्चका लागि थप १ महिना बराबरको रकम

विद्यालयको खातामा अनुदान उपलब्ध गराउने तथा (१.२) मा आधारभुत तथा माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा १ जना विद्यालय सहयोगि कर्मचारीका लागि मासिक रु ८००० का दरले १२ महिना र चाडपर्व खर्च तथा (१.३) मा प्रत्येक माध्यमिक विद्यालयमा थप १ जना विद्यालय सहायक कर्मचारीका लागि मासिक १३५०० का दरले १२ महिना र चाडपर्व खर्चका लागि पारिश्रमिक अनुदान उपलब्ध गराउने तथा स्थानीय तहले प्रारम्भिक बालविकास शिक्षक र विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्था गर्दा नेपाल सरकारले निर्धारण गरेबमोजिमको मासिक न्यूनतम पारिश्रमिकमा नपुग हुने रकम थप गर्न सक्ने व्यवस्था उल्लेख छ । पालिकाको मिति ०८०।०३।२१ को निर्णयअनुसार प्रारम्भिक बालविकास शिक्षकलाई प्रति महिना रु. ७०००, विद्यालय सहयोगिलाई प्रतिमहिना रु. ५५०० तथा विद्यालय सहायकलाई प्रतिमहिना रु. ३५०० थप निकासा उपलब्ध गराउने निर्णय भएकोमा देहायका विद्यालयहरुलाई ०८१ असार महिनाको पारिश्रमिकमा पालिकाबाट निकासा हुने अनुदान रकम बढि निकासा भएकोले सम्बन्धित विद्यालयबाट असूल गरी दाखिला प्रमाण पेश हुनुपर्ने रु.

| विद्यालयको नाम | कार्यालय सहयोगि | बालविकास सहजकर्ता | विद्यालय कर्मचारी | भएको कूल निकासा | हुनुपर्ने कूल निकासा | बढि निकासा |
|---|---|---|---|---|---|---|
| भगवती आवि | ५५०० | ७००० | ० | २५००० | १२५०० | १२५०० |
| सेतीदेवी आवि | ५५०० | ० | ० | ११००० | ५५०० | ५५०० |
| सुन्दरी आवि | ५५०० | ० | ० | ११००० | ५५०० | ५५०० |
| शिवशंकर आवि | ५५०० | ७००० | ० | २५००० | १२५०० | १२५०० |
| शारदा आवि | ५५०० | ७००० | ० | २५००० | १२५०० | १२५०० |
| चण्डिभूमि आवि | ५५०० | ७००० | ० | २५००० | १२५०० | १२५०० |
| केवलपुर ह भो मावि | ५५०० | ७००० | ३५०० | ३२००० | १६००० | १६००० |
| जम्मा | | | | | | ७७००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,००० |

८३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाईयो । यस आ.व.मा पालिका अन्तर्गतका वडाहरुमा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| वडा नं. र योजना सं . | कार्यक्रम | रोजगार संख्या | ज्यालामा खर्च भएको रकम |
|---|---|---|---|
| पालिकाका ८ वटा वडामा १६ वटा योजना | सडक मर्मत, गोरेटो बाटो निर्माण , सडक सोलिङ तथा घेरावार निर्माण तथा मर्मत | ९४ | ४०३३०८५ |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ.व. मा रु. १०३८१४११ रकम व्यवस्था भएकोमा रु. ९४१६०९ करिव ९०.५६% खर्च भएको देखिन्छ। यस मध्ये रु. ४०३३०८५ श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ।यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ३७३ मध्ये यस वर्ष ९४ जनालाई औषत ६० दिन रोजगारी प्रदान गरेको देखिन्छ। यस कार्यक्रमबाट अल्पकालीन रोजगारी सृजना भएतापनि निर्माणाधीन संरचना दिगो हुने अवस्था छैन । पटके मर्मत संम्भार, सरसफाई जस्ता कार्यमा भएको खर्चको उपयोगिता यकिन गर्न सकिने अवस्था देखिदैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८४ **स्रोत कक्षा व्यवस्थापन अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका ०८०।८१ को कार्यक्रम नं. २.७.१३.१० (५.६) मा स्रोत कक्षा व्यवस्थापनका लागि सम्बन्धित स्रोत कक्षा रहेका विद्यालयमा प्रति कक्षा वार्षिक रु २ लाख २५ हजारका दरले अनुदान उपलब्ध गराउने र स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयले प्राप्त अनुदान रकमबाट स्रोत शिक्षकलाई (अपाङ्गता भएका बालबालिकाहरुका लागि बिहान साँझसमेत अतिरिक्त सहयोग गरेवापत) मासिक रु. ५०० का दरले वार्षिक रु. ६०००, स्रोत कक्षा शैक्षिक सामाग्रि व्यवस्थापनका लागि प्रति स्रोत कक्षा वार्षिक रु. १००००, आयाको पारिश्रमिकका लागि रु.१५००० का दरले १२ महिना र चाडपर्व खर्चका लागि वार्षिक रु. १९५०००, स्रोत कक्षा व्यवस्थापन सामग्रि (लुगाफाटा, भाँडाकुडा, औषधी आदि) का लागि रु. १०००० तथा अतिरिक्त क्रियाकलापका लागि सामग्रि खरिद र पुरस्कार वितरण गर्न वार्षिक रु. ४००० खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाले पेश गरेको विवरण अनुसार श्री जनजागृत मावि -६ मा २ वटा स्रोत कक्षा सञ्चालनमा रहेकोमा सो सम्बन्धि देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन् ।

८४.१ कार्यक्रम कार्यान्वयन पुस्तिका ०८०।८१ को कार्यक्रम नं. २.७.१३.१० (५.६) मा उल्लेख भएबमोजिमको स्रोत कक्षा सञ्चालनमा भएका खर्चको प्रमाण कागजात पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

८४.२ कार्यक्रम कार्यान्वयन पुस्तिका ०८०।८१ को कार्यक्रम नं. २.७.१३.१० (५.६) मा स्रोत कक्षा व्यवस्थापनका लागि सम्बन्धित स्रोत कक्षा रहेका विद्यालयमा प्रति कक्षा वार्षिक रु. २ लाख २५ हजारका दरले रु. ४५०००० अनुदान उपलब्ध गराउनु पर्नेमा रु. ५०००००(पाँच लाख) अनुदान निकासा गरेकोले बढि निकासा रकम असूल गरी संघिय सञ्चित कोष दाखिला प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

८५ **मेडपा कार्यक्रम** (१९८-२०८१-३-२२):

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागिहरुलाई विक्रि गर्ने तथा यसरी विक्रि हुन नसकेमा सम्भव भएसम्म विक्रि वितरण वा प्रचार प्रसारको लागि कोशेली घर, सौगात गृह, विक्रि कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाँउदा पनि विक्रि नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष प्राकृतिक रेशाजन्य वनस्पति वाली मकैको खोस्टाबाट हस्तकलाका विभिन्न सामाग्रि निर्माण तालिम संचालन गरी ओम राजश्रि मल्टि एग्रो प्रा.ली.लाई रु. ३,३१,०९० भुक्तानी गरेकोमा तालिमबाट तयार भएका सामाग्रि विक्रिबाट के-कति समान वा वस्तुहरु उत्पादन भए र विक्रि भए सोको विक्रि अभिलेख माग गरेकोमा उपलब्ध हुन सकेन । यसले गर्दा उत्पादनको अभिलेख यकिन गर्न सकिएन ।उक्त कार्यक्रमको स्रेस्ता अभिलेख लेखापरीक्षण गराई उत्पादित वस्तु तथा सामानहरु विक्रि गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८६ **रिटर्नी भोलुन्टियरका लागि मोबाईल खरिद** (१८-२०८०-८-११):

सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन वित्तिय मार्गदर्शन, २०८० मा रिटर्नी भोलुन्टियरका लागि मोबाईल सुविधा उपलब्ध गराउने उल्लेख छैन । पालिकाले ३ जना रिटर्नी भोलुन्टियर कर्मचारीहरुलाई रु. १५००० का दरले मोबाईल सुविधा उपलब्ध गराएको छ ।

मार्गदर्शनले तोकेको सुविधा मात्र स्वंयम सेवकलाई उपलब्ध गराउनु पर्नेमा सो विपरीत दिएको भुक्तानी रु. ४५००० अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४५,००० |

८७ **उपभोक्ता समिति परिचालन सम्बन्धमा**

एक करोड रुपैयासम्मको लागत अनुमान भएको सोहि आर्थिक वर्षमा सम्पन्न हुन सक्ने निर्माण लगायतका जनचेतनामुलक कार्य उपभोक्ता समितिवाट गर्न सकिने व्यवस्था सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१) ले तोकेको छ । पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् ।

क) उपभोक्ता समिति दर्ता - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अुनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन। उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

(ख) योजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका योजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गर्ने गरेको देखिएन । समयमै निर्माण कार्य सम्पन्न गरी योजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

(ग) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको मेशिन प्रयोग गर्नु अगाडी प्राविधिकवाट स्विकृति लिनुपर्नेमा नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

(घ) जटिल संरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । उपभोक्तासँग पूँजिको अभाव हुने, जोखिम वहन गर्ने प्रत्याभुति नहुने, दक्ष प्राविधिक नहुने, संरचना निर्माणमा प्रयोग हुने हेभि इक्विपमेन्ट, मेशिन नहुने यथार्थलाई ध्यानमा राख्दा संझौताका आधारमा योजना कार्यान्वयन गर्न सक्ने क्षमता समितिसँग देखिँदैन । तसर्थ यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

(ङ) मर्मत सम्भार कोष - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न योजनाको

सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न योजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएकोले निर्मित योजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीनुपर्दछ ।

(च) धरौटीको व्यवस्था - उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

(छ) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । सार्वजनिक सुनुवाई लगायत सामाजिक लेखापरीक्षण गरी भुक्तानीको लागी पालिकामा पेश गर्नुपर्नेमा सो वेगर भुक्तानी सिफारिस हुने देखिएकोले नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गरेपश्चात् भुक्तानी हुने व्यवस्था हुनुपर्दछ ।

ज) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने÷गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितताका आधारमा प्राविधिक विलको भुक्तानी हुनुपर्दछ ।

झ) प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वर्षान्तमा संम्झौता अनुसार निर्माण भएका यस्ता निर्माणाधिन संरचनाको स्थलगत मापन मुल्यांकन नगरी भुक्तानीका लागी लागत अनुमानकै हाराहारीमा विलिङ्ग गरी परीमाण मापन मुल्यांकन गरेर विल प्रमाणित गरी खर्च लेख्नु उपयुक्त देखिएन । यस्तै प्रकृतिका अधिल्ला महिनामा भुक्तानीका लागी पेश भएका समान खाले निर्माणाधिन संरचना ६० प्रतिशतको हाराहारीमा मुस्किलले कार्यान्वयन भई भुक्तानी भएको अवस्थामा वर्षान्तमा सम्झौता भएका निर्माण संरचनामा वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उपभोक्ताले व्यहोरेका कामहरुको मापन मुल्यांकन समेत उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

ञ) उपभोक्ता समितिलाई म्याद थप : पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै

सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

| गो भौ नं | उपमोक्ता समिति | सम्झौता रकम | सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने | म्याद थप मिति |
|---|---|---|---|---|
| २१६।१।१२ | धारेखोला वेसिगाउँ भोटेकोशी सडक उ स | ११९७१०१ | २०८०।१०।२९ | २०८०।१२।३० |
| ३५५।३।२३ | ऐतिहासिक पौवा निर्माण पण्डितपौवा वडा नं ९ | ३१२६६६९ | २०८०।२।३२ | २०८१।३।२५ |

ट) सब कन्ट्रयाक्टरः (गो भौ नं २८२।३।२१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्‍याक्टरवाट गराउन नसकिने उल्लेख छ । कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । नमुना परीक्षण गर्दा यस पालिकाले दशैं वाटो वडा नं ५ सफाई उपभोक्त समितिसँग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिहरुले संझौता अनुसारको काम आफैले नगरी सब कन्ट्रयाक्टर काउले लिजिङ्ग डेभलपर्स (कर विजक ००५-१०।१०, पान नं ६१०२९५७००) बाट काम गराई निर्माण व्यवसायीले पेश गरेको कर विजक रु.४५८७८० को आधारमा मु.अ.कर समेत रु.४००००० भुक्तानी गरेको छ । यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत् काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब कन्ट्रयाक्टरले पेश गरेको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप ब्ययभार परेको देखियो । सो सम्बन्धमा पालिका लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८८ **पालिका कार्यालयका काम उपभोक्ता समितिवाट गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय,रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै वडा कार्यालयका भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको पाइयो। उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य मात्र समितिवाट गराउनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागी बोलपत्र आव्हान गरी कार्यान्वयन गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रु. ६८२४५०२

| गो भौ नं | योजना | यस वर्ष भुक्तानी | सम्झौता रकम | कैफियत |
|---|---|---|---|---|
| २१५।१।१२ | वडा नं १० को वडा कार्यालय भवन निर्माण उ स | १५००००० | १६६८०३७ | |
| | वडा नं १० को वडा कार्यालय भवन निर्माण उ स | २०००५०२ | २०००५०२ | भुक्तानी वाँकी |
| ५।६।२८ | सिम्ले प्रहरी चौकी निर्माण उ स | ९६७००० | १०८२७५६ | |
| १७।६।३० | ११ नं वडा कार्यालय | ३०७००० | ३३११७१ | |
| २८।८।२९ | ३ नं वडा कार्यालय | १०००००० | १०८४७४३ | |
| ७१।१०।११ | वडा ४ नं कार्यालय व्यवस्थापन उ स | ५००००० | ५५५६८४ | |
| ३५८।३।२४ | वडा नं ५ घडेरी निर्माण उ स | ५५०००० | ६१२१३१ | |
| | | ६८२४५०२ | | |

| | |
|---|---|
| अनियमित भएको | ६८,२४,५०२ |

८९ **अधुरो योजनाको कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम भुक्तानी** (३४५-२०८१-३-२३):

सार्वजनिक खरिद नियमावली २०६४(एघारौँ संशोधन) को नियम ११७ को २(क) मा निर्माण कार्यको हकमा कम्तिमा नब्वे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्धेश्यअनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आउन उपयुक्त अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले निर्माण कार्य स्विकार गर्न सक्ने र सो निर्माण कार्यको कार्यस्विकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सम्झौताको नब्वे प्रतिशत भन्दा कम काम भएको अवस्थामा वडा नं ११ लिफ्टिङ्ग खानेपानी योजनाको लागी रु.३२३३१७८ लागत अनुमान तयार गरी मिति २०७८।१२।०७ मा सम्झौता भई २०७९।२।१५ मा सम्पन्न गर्ने गरीसम्झौता गरेकोमा २०८०।३।१७ मा तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको भुक्तानी वाँकि संलग्न गरी उपभोक्ता समितिवाट भएको काम जम्मा रु.१५८७०८२ अर्थात् ४९ प्रतिशत मात्र कार्यसम्पन्न भई अन्तिम भुक्तानी दिएको पाईयो । यसरी पालिकाले नियममा भएको व्यवस्था विपरित, सम्झौता अनुरुपको कार्य नगरी ५१ प्रतिशत कार्य वाँकि नै रहदाँ समेत कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम भुक्तानी भएकोले अधुरो निर्माण संरचना स्विकार गरी कार्यसम्पन्न प्रतिवेदन स्विकृत गर्ने प्राविधिक तथा कार्यालय प्रमुखलाई थप जवाफदेहि बनाउन कानुनअनुसार आवश्यक कारवाही गर्नुपर्दछ । यसरी ५१ प्रतिशत अधुरो कार्य राखी योजना सम्पन्न भएको भनी दिएको भुक्तानी अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,८७,०८२ |

९० **विमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको सम्झौता भएकोमा सो काम गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा उपभोक्ता समितिले गर्ने काममा विल अफ क्वाण्टिटिमा समेत विमा सम्बन्धी प्रावधान नै राखेको देखिएन । निर्माण कार्यको जोखीम न्यूनीकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

| गो भौ नं | विवरण | लागत अनुमान तथा सम्झौता |
|---|---|---|
| २५।१२।२६ | बालुवाफाट पैरे बत्तिसे सडक स्तरोन्नती उपभोक्ता समिति | ३०००००० |
| विभिन्न | फेदि भञ्ज्याङ्ग सडक स्तारोन्ती निरन्तरता वार्ड नं ६ उ स | ३६, ५१ , ४९४ |
| ४९।०८१।३।२१ | महादेवबेशी हाप्सेचौर सडक थाक्रे ५ ,६ ,७ उपभोक्ता समिति | २३, ६४ , ६३२ |
| विभिन्न | चण्डिथान नेवारटोल सडक, ग्राभेल सहित पक्की नाला निर्माण उपभोक्ता समिति | २३, ७६ , ९२८ |
| विभिन्न | ऐतिहासिक पौवा निर्माण पण्डितपौवा वडा नं ९ उ स | २६, ३५ , ५०८ |

सैद्धान्तिक बेरुजु

९१ **अन्य निकायको खर्च**

(गो भौ नं ५।६।२८) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्विकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिमार्फत् सिम्ले प्रहरी चौकि भवन निर्माण गरेको जनाई उपभोक्ता समिति लाई रु.९६७००० भुक्तानी गरेको छ । यसरी अर्को कार्यालयको प्रशासनिक भवन निर्माणका लागी पालिकाले बजेटमा नै व्यवस्था गरी भुक्तानी गरेको खर्च मितव्ययी देखिएन । पालिकामा अन्य निकायको यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने हुँदा यस्तो अन्य निकायको खर्च नियन्त्रण गर्ने, खर्च नगरी नहुने अवस्थामा अन्य सम्वन्धित निकायवाट पनि यस्तो वजेट विनियोजन भएकोमा दोहोरो पर्ने लगायतका विषयहरु निरुपण गरेर मात्र अन्य कार्यालयका स्थायी संरचनामा बजेट विनियोजन गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९२ **पाईप खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ नियम ११७ (१) अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा त्यसको कार्य सम्पन्न प्रतिवेदन अनिवार्य बनाउनुपर्ने उल्लेख छ । पालिकाले विभिन्न समयमा पाईप खरिद भनी रु.९००००० भुक्तानी गरेको छ । उक्त पाइप सम्बन्धित साइटमा Laying Joing गरी कार्य सम्पन्न प्रतिवेदनमा आधारमा भुक्तानी खर्च लेख्नु पर्नेमा कार्य सम्पन्न भएको देखिएन । योजनामा खरिद पाईप जोड जडान गरी सो को कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.९०००००

| गो भौ नं | फर्म | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ३८।८।२५ | रुपाखेती जनरल एण्ड सप्लायर्स | ६००००० | भुक्तानी वाँकीको भुक्तानी |
| १।६।२९ | आस्था इन्टरप्राइजेज | ३००००० | नियमित भुक्तानी वडा नं ९ |
| | जम्मा | ९००००० | |

| प्रमाण पेश नगरेको | ९,००,००० |
|---|---|

९३ **प्रोग्राम अपडेट**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । ठेक्का सम्झौताको General condition of contract अन्तर्गत Scc को Gcc 34.1-34.3 समेतमा निर्माण व्यवसायिले कामको तोकिएको दिनमा Program Update पेश गर्नुपर्ने अन्यथा प्रोग्राम अपडेट वापतको रकम रोक्का गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा यस वर्षका पालिकाले म्याद थप भएका समेत देहायका ठेक्कामा प्रोग्राम अपडेट अवधि किटान नगरेको, न्यून दिन र रकम उल्लेख गरेको तथा रकम समेत उल्लेख भएकोमा समेत कार्यालयमा प्रमाणित अभिलेख वेगर निर्माण व्यवसायिसँग भएको ठेक्काको प्रोग्राम अपडेट पेश नगरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| ठेकेदार कम्पनी | योजनाको नाम | सम्झौता रकम | प्रोग्राम अपडेट | प्रोग्राम अपडेट रकम |
|---|---|---|---|---|
| S. Y.K Construction Pvt.Ltd. | विभिन्न बाटोहरुको स्तरोन्नती वडा नं . ७ | ७४१५३३९.७६ | 30 days | Rs. 30 |
| Aadhyakali Nirman Sewa Pvt.Ltd. | महादेववेशी हाप्सेचौर सडक | १३१५७३७२.६१ | 30 days | Rs. 30 |
| Gyan Jyoti Builders Pvt. Ltd. | मदन भण्डारी महाविद्यालय भवन निर्माण | ३७५५९३१३.६३ | 60 days | Rs. 100000 |
| R & C Gaureshwor J/V | रानीझरना भवन निर्माण | ४०७०६९२५.३३ | 30 days | Rs. 30 |
| Rojan Nirman Sewa Pvt. Ltd. | महादेववेशी माटिखोला धैरेनी काम्राङ सडक - Phase 2 | १५२११४२९.५६ | N/A | N/A |
| Sunforce Solar and construction Company | बृहत आधुनीक सिंचाई | १२४५०२११.१४ | 30 days | Rs. 30 |
| Rai Construction And Suppliers Pvt. Ltd. | धारेखोला भुजेलगाउँ बतासे आचार्यपोखरी सडक | १४३७६९३५.७३ | 30 days | Rs. 30 |
| Litikalika Construction And Suppliers | आठकिला चिउरीपाटि सडक | १४९०२६५५.८ | 30 days | Rs. 30 |
| Litikalika Construction And Suppliers | वडा १० खेलमैदान निर्माण वडा ६ कभर्ड हल निर्माण | १२८१५८७९.९२ | N/A | N/A |
| C.M- Gaureshwor J/V | धार्के धारेखोला भुजेलगाउँ आचार्यपोखरी कोल्पु खोला सडक | ४००४७६०३.९४ | 45 days | Rs. 50000 |

| | |
|---|---|
| अनियमित भएको | १,५०,१८० |

९४ **विल भरपाई**

(गो भौ नं ३४३।३।२३) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले मदन भण्डारी महाविधालय निर्माणको लागी ज्ञानज्योती विल्डर्स प्रा ली लाई कर विजक नं ००१२।२।४ वाट जम्मा रु.२०२८८४६ भुक्तानी भएकोमा सो कर विजकको (मु अ कर समेत) रु.२२५४७७९ को फोटोकपि विल संलग्न गरी खर्च लेखेको देखिएकोले सक्कल विल पेश हुनुपर्ने अन्यथा उक्त भुक्तानीको मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.२५९४००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५९,४०० |

९५ **पूर्वनिर्धारित क्षतिपुर्ति**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण व्यवसायीको ढिलाईका कारण तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशत क्षतिपुर्ति दिनुपर्ने उल्लेख छ । त्यस्तै सोहि नियमावलीको नियम १२० मा म्यादभित्र सम्पन्न हुन नसकेमा कार्य सम्पन्न गर्नुपर्ने अवधिको कम्तिमा २१ दिन अगावै कार्यालयमा निवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका ठेक्का सम्झौता गरेका निर्माण व्यवसायी तथा आपुर्तकले ठेक्का सम्झौतामा उल्लेखित अवधिको म्याद थप समेत भएको अवस्थामा पनि समयमा कार्यसम्पन्न गर्न नसकेकोले केहिको हालसम्म पनि कार्यसम्पन्न हुन नसकेको देखिएकोले खरिद ऐन र सम्झौताअनुसार कारवाहि गरी सम्वन्धित निर्माण व्यवसायी तथा आपुर्तकवाट निम्नानुसारको रु. ६४५९१४२ पुर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने देखिन्छ । पटकपटक म्याद गुज्रिदा समेत ठेकेदारको लापरवाहिका कारण निर्माण कार्यमा ढिलाई भएकोले सार्वजनिक खरिद घन तथा ठेकेदार सँगको सम्झौताको व्यवस्था अनुसार कानुनवमोजिम आवश्यक कारवाहि गरी निर्माण कार्य सम्पन्न गर्नु गराउनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ९५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,५९,१४२ |

९६ **चिउरी पार्टी आठ किला सडक स्तरोन्नति**

**म्याद थप:-**

चिउरी पार्टी आठ किला सडक स्तरोन्नति (वार्ड नं १०) को लागि निर्माण व्यवसायी लिती कालिका कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्राली (पान नम्बर ६०९५५९४२०) सँग रु.१५०७१७१८।५२ मा २०८१।३।१५ मा सम्पन्न गर्ने कार्यादेश अनुसार ठेक्का कार्यान्वयन भएको छ । ठेकेदारले तोकिएको समयभित्र तेस्रो रनिङ बिलसम्म रु. ९०५३५०७.२८ भुक्तानी लिएकोमा कालोपत्रे गर्ने सडकको कार्य प्रारम्भ नै गर्न नसकेको ठेक्काको कार्यमध्ये लुज ग्राभेलिङ लगायतका कार्यहरु बाँकी रहेकै अवस्थामा ठेक्काको म्याद सकिएको, मोबिलाइजेसन पेस्की बाँकी रहेको तर ए.पि.जी को म्याद २०८१।२।२७ सम्म रहेकोमा नवीकरण हुन नसकेको रु.३,००,०००।- पेस्की बाँकी रहेको अवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(२) अनुसार व्यवसायीलाई सम्झौता रकमको प्रतिदिन ०.०५%ले पुर्वनिर्धारित क्षतिपुर्ति लगाई एडभान्स पेमेन्ट ग्यारेन्टीको म्याद थप गर्न लगाई मनासिव माफीको समय थप गरी ठेक्का कार्यान्वयन गर्नुपर्ने अवस्था देखिन्छ । ठेक्का सम्झौता रकम रु.१३३३७८०३ को (भेरिएसन बाट थपको) ०.०५ प्रतिशतले १५ दिनको प्रतिदिन ६६६९ ले हुने रु १००३४।- असुल गरेर मात्र ठेक्काको एडभान्स पेमेन्ट ग्यारेन्टीको म्याद समेत थप्न लगाई मनासीव माफिकको म्याद दिई ठेक्का कार्यान्वयन गर्नुपर्ने रु.१०००३४।–

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,०३४ |

९७ **महादेव बेसी लुई किला हाप्सेचौर सडक स्तरोन्नति**

९७.१ महादेव बेसी लुई किला हाप्सेचौर सडक स्तरोन्नतिका लागि निर्माण व्यवसायी अध्याकाली निर्माण सेवा प्राली पान नम्बर (६०३६१६०२३) सँग रु. १३१५७२७४।८१ मा सम्पन्न गर्ने गरी २०८०।८।२२ मा ठेक्का सम्झौता भएको देखियो । ठेकेदारले २०८१।३।१५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिएकोमा चौथो रनिङ बिलसम्म रु. १२३१४८८।७२ भुक्तानी भएको श्रेष्ता परीक्षण हुँदा देखिएका थप व्यहोरा निम्न अनुसार छन् ।

एक सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(२) अनुसार म्याद थप गर्नु अगाडि समयमा ठेक्का कार्यान्वयन हुन नसक्नुको कारण प्रभाव एवं पुष्ट्याई समेतलाई विचार गरी नियम १२१(क) अनुसार समयमा कार्यसम्पन्न नगर्ने ठेकेदारलाई सम्झौता रकमको अधिकतम १०% नबढ्ने गरी ढिला दिनको प्रतिदिन ठेक्का अङ्कको ०.०५% ले हुने पुर्वनिर्धारित क्षतिपुर्ति लिएर मात्र मनासीव माफीको समय थप गर्नुपर्ने तोकेकोमा वर्षान्तमा सालबसाली ठेक्काको म्याद समाप्त भएको पेस्की बाँकी रहँदाको अवस्थामा एडभान्स पेमेन्ट ग्यारेन्टीको म्याद समाप्त भएको, निर्माण स्थलमा बर्सातका कारण ठेकेदारको उपस्थिति नरहेको अवस्था देखिएकाले नियमावलीको प्रावधान अनुसार ठेक्का रकम रु.१६१३८१७० (भेरिएसन पछाडि कायम) अंकको ०.०५% ले प्रतिदिन रु. ८०६९ का दरले वर्षान्तसम्म दिन १५ ढिला भएकोले हुने हर्जना रु. १२१०३६।- असुल गरेर मात्र मनासिब माफिकको म्याद थप गरी ठेक्का कार्यान्वयन हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२१,०३६ |

९७.२ **भेरिएशन :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्व अनुमान गर्न नसकिने परिस्थितीई आइपरी ठेक्का कार्यान्वयनमा देखापरी ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा उपनियम २(ख) अनुसार भेरियसन परिमाणको आधार कारण सहितको यथेष्ट पुष्ट्याई खोली सार्वजनिक निकाय प्रमुखले भेरिएसन आदेश स्वीकृत गर्न पाउने व्यवस्था छ। यसरी भेरिएसन हुँदा आइटम वाइज २५% सम्म र कुल ठेक्का सम्झौतामा २% नबढ्ने गरी आदेश स्वीकृत गर्न सकिनेमा महादेव बेसी लुईकीला हाप्के चौर सडकको सुरु सम्झौता रू.१,३१,५७,२७४।८१ रहेकोमा प्रथम र दोस्रो रनिङ बिलबाट भेरिएसन स्वीकृत नगराई दोश्रो रनिङ्ग विलमा रिभाइज सम्झौता अङ्क रु. १,८२,३६,१३३।०९ कायम गरी रनिङ बिल भुक्तानी गर्दा भेरिएशन बापत रु. ५०७८७६०।४७ अर्थात् सुरु सम्झौताको ३८.६०% भेरिएसन थप गरी ठेकेदारलाई भुक्तानी भएको देखियो। यसरी भुक्तानी हुनु अगाडि उक्त ३८.६०% को भेरिएसन आदेश सभाबाट स्वीकृत गराएर मात्र खर्च लेख्नुपर्नेमा कार्यपालिकाको बैठकमा पेशसम्म गरेको सभाबाट अनुमोदन गरे भएको देखिएन। भेरियसनको आधार कारण खोली प्राविधिक यथेष्ट

पुष्टयाईका आधारमा निर्माण कार्यमा भएको थप कार्य परिमाण तथा नयाँ कामको थपिएको परिमाणको भेरिएसन कानुन बमोजिम स्वीकृत तहबाट भेरिएसन स्वीकृत भएको आधारमा रकम खर्च लेख्नुपर्नेमा सो बेगर भेरिएसन रकम भुक्तानी अनियमित देखिएको रु. ५०७८७६०।४७

| | |
|---|---|
| अनियमित भएको | ५०,७८,७६० |

## ९८ खरिदमा प्रतिस्पर्धा

९८.१ मसलन्द तथा कार्यालय सामाग्रि : सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्नु हुदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म शिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एंवम एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस आ.व. मा मसलन्द तथा कार्यालय सामाग्रि शिर्षकमा पालिका तर्फ मात्र ४५ लाख ५० हजार र वडामा सिमा तोकि फरक फरक वजेट विनियोजन गरेकोमा कूल रु.५०,९४,८७१ को खरिद कार्य प्रतिस्पर्धात्मक विधि नअपनाई कोटेशनमार्फत् सोझै खरीद गरेको पाईयो । अतः प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको कार्य नियमसम्मत देखिएन । सीमाभन्दा बढी रकमको खरिदलाई प्रतिस्पर्धात्मक एवं पारदर्शि बनाउन सोझै खरिद गर्न प्रवृतिमा आगामि दिनमा सुधार हुनुपर्दछ । केहि उदाहरण निम्नानुसार छन् ।

| मिति | भौ. नं. | विवरण | डेबिट |
|---|---|---|---|
| ०३/१७/२०८१ | ६०१ | कार्यालयलाइ आवश्यक मसल्न्द सामाग्री खरिद | ९९४०३२ |
| ०८/१९/२०८० | ९९ | कार्यालयलाइ आवश्यक विविध सामाग्रीको रकम भुक्तानी | २२८३५३ |
| ०९/१६/२०८० | १५३ | कार्यालयलाइ आवश्यक कम्पुटर प्रिन्टर तथा विविध सामान | ४७१७२८ |
| ०९/१६/२०८० | १५४ | कार्यालयलाइ आवश्यक विविध सामाग्रीको रकम भुक्तानी | ९९८३६८ |
| १०/११/२०८० | २३० | गा पा लाइ आवश्यक विविध सामाग्रीको रकम भुक्तानी | ५००४७१ |
| ११/२४/२०८० | ३१९ | कार्यालयलाइ आवश्यक प्रिन्टर खरिद र ल्यापटप मर्मतको रकम भुक्तानी | ६९९७९७ |
| ११/३०/२०८० | ३२४ | कार्यालयलाइ आवश्यक विविध सामाग्रीको रकम भुक्तानी | ५९१८८७ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९८.२ औषधी खरिद :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) अनुसार २५ लाख रुपैया सम्मको औषधिजन्य खरिद उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरी तोकिएको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले निम्नानुसारको स्वास्थ्य शाखा तथा पशु विकास शाखावाट औषधि खरिद गर्दा पटके कोटेशनवाट सोझै खरिद गरेको देखिएकाले खरिद कार्य प्रतिस्पर्धी एवं विश्वासनीय देखिएन । यसमा सुधार हुनुपर्दछ ।

| गो भौ नं | फर्मको नाम | खरिद रकम |
|---|---|---|
| ३३।८।२८ र ८६।३।१८ | योमन मेडिसेल्स | १२३९९९६३ |
| ३२।११।८ | सुविसु मेडिसिन सप्लायर्स | ३८६८१० |
| २३।१०।११ | मेडिजोन मेडिसिन कन्सर्न | ३०५६० |
| ९५।३।२१ | डालिमा मेडिसेल्स | १३७१९६७ |
| १७८।३।१८ | क्यान्डेला मेडी कन्सर्न | ३८८०२० |
| ५५।१।७ र १७६।३।१८ | आर आर मेडिटेक प्रा लि | ७०५४८७ |
| १३२।९।५ | भिमदेवि मेडिसिन सप्लायर्स | ९८४३९७ |
| | जम्मा | ५११०७२०४ |

औषधि खरिदमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

• औषधिको आपूर्तिपछि, भुक्तानि अधि गुणस्तर र स्पेशिफिकेशन अनुसारको समान भए नभएको मूल्यांकन समितिको प्रतिवेदनका आधारमा यकिन गरी भुक्तानि दिनुपर्नेमा गुणस्तर परीक्षण सम्बन्धि कार्य भएको देखिएन ।

• निःशुल्क वितरणका लागि भनि औषधिको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको छैन ।तथा औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखिएकोले औषधि खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी मागको आधारमा स्वास्थ्य चौकिहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ ।

• आपूर्ति भएका औषधिहरु डव्ल्यू एच ओ, जि एम पि प्रमाणित हुनुपर्नेमा सो को अवस्था एकिन हुन नसकेको, उत्पादन स्थिति व्याच नं, औषधि विक्रिको लागी होईन निशुल्क वितरणको लागी जस्ता व्यहोरा प्याकेजिङ्गमा नखुलाएको, औषधि तथा सर्जिकल सामान स्टोर दाखिला पूर्व स्पेशिफीकेसन अनुसार परीक्षण हुने नगरेको अवस्था छ । औषधीको inspection पश्चात् मात्र भुक्तानी हुनुपर्दछ ।

• औषधी खरीद आपूर्ति जिन्सि दाखिला खर्च अभिलेख अद्यावधिक गरी वफर स्टक समेतलाई मध्यनजर गरी औषधिको वितरण समेत खुल्ने गरी अभिलेख राख्ने वर्षान्तमा मौज्दात् बाँकि औषधिको जिम्मेवारी भौतिक परीक्षण समेत गरी जिन्सि अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९९ **मनोरोगीहरुको उपचार खर्च**

मानसिक रोगीहरुको उपचार तथा पुनस्थापना केन्द्रमा राखेर उपचार गर्ने प्रयोजनको लागी पालिका र विभिन्न प्राईभेट फर्महरु बिच सम्झौता भएको र फर्मले ३/३ महिनामा थाक्रे गाउपालिकामा तोकेको स्थानमा मानसिक स्वास्थ्य सम्बन्धी नि:सुल्क सिविर संचालन गर्ने सम्झौतामा उल्लेख भई भुक्तानी भएकोमा सम्झौता अनुसार सिविर संचालन नगरी प्राईभेट फर्मलाई एकै व्यक्तिको उपचारमा धेरै रकम भुक्तानी भएको देखिन्छ । सम्झौताको सर्त समेत पालना नगरेको फर्मलाई रकम भुक्तानी भएको नियम सम्मत नदेखिएको रु. ९८५७७२

| गो.भौ.मिति. | संस्था | भुक्तानी रकम |
|---|---|---|
| २०।२०८०।०६।२८ | चैतन्य ईन्सिच्युट मेन्टल(१) | २४३५७२ |
| ९४।२०८०।०८।१५ | मनोरोग उपचार तथा पुनर्थापना केन्द्र (३०४३०८९७२)(५) | ३४२२०० |
| ५०६।२०८१।०२।१४ | मनोवल वेलनेस सेन्टर प्रा.ली. (६१९७७७१८८)(८) | ४००००० |
| **जम्मा** | | **९८५७७२** |

| अनियमित भएको | ९,८५,७७२ |
|---|---|

१०० **मू.अ. कर कट्टि नगरेको**

मूल्य अभिवृद्धि ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको संसोधित व्यवस्था तथा आर्थिक विधेयक, २०७८ अनुसार विभिन्न व्यवसायी, आपूर्तिकर्तालाई ठेक्का तथा सम्झौता गरी मू.अ.कर रकम भुक्तानि गर्दा सोको ३०% मूल्य अभिवृद्धि कर कट्टि गरी उक्त रकम पालिकाले सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न गो.भौ.नं. र मितिबाट विभिन्न व्यवसाय तथा आपूर्तकलाई मू.अ.कर रकम भुक्तानि गर्दा सो नियम विपरीत पुरै रकम भुक्तानि गरेकाले व्यवसायीहरुले कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. मिति | सप्लायर्स | प्यान नं. | मु.अ.कर रकम | कुल रकम | कट्टि गर्नु पर्नेमु.अ.कर ३०% |
|---|---|---|---|---|---|
| १३३।२०८०।०९।०५ | सनातन प्रेस प्रा.ली | ६०९८९८६३७ | ८९१४० | ७७४८४१ | २६७४२ |
| १५४।२०८०।०९।१६ | बुढिगण्डकी स्टेश्नरी | ६१५८२३६४५ | ११४८५६ | ९९८३६८ | ३४४५६ |
| ४५३।२०८१।०१।२६ | सगुन प्रिन्टर्स एण्ड सप्लायर्स प्रा.ली. | ६०११७६५०८ | ८१३६९ | ७०७२९१ | २४४१० |
| ६०१।२०८१।०३।१७ | न्यु गंगा जमुना ट्रेड एण्ड जनरल सप्लायर्स | ३०२०२४१६४ | ११४३५७ | ९९४०३२ | ३४३०७ |
| जम्मा | | | | | ११९९१५ |

| प्रमाण पेश नगरेको | १,१९,९१५ |
|---|---|

१०१ **विल भरपाई**

६८९।२०८१।०३।२४ - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(३) अनुसार कुनै पनि कार्यको भुक्तानी गर्दा बजेटको सिमाभित्र रही रितपूर्वक कागज प्राप्त भएपछि गर्नुपर्ने व्यवस्था छ । पालिकाले बाघवच्छला आधारभुत विद्यालयमा ११०० प्रती कापी खरिद गरेको भुक्तानीमा विद्यार्थीलाई वितरण गरेको जनाएकोमा सम्बन्धितले बुझेको भर्पाई बेगर खर्च लेखेको देखिएकोले उक्त कापी वुझेको भर्पाई पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ५४९९०।-

| प्रमाण पेश नगरेको | ५४,९९० |
|---|---|

# अनुगमन लेखापरीक्षण

१०२ बेरुजु लगत अद्यावधिक तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८० सम्मको बाँकी बेरुजु रु.३३,२५,३९,००० मध्ये रु.५,५३,११,८८६।६८ फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण

व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **थाक्रे गाउँपालिका, धादिंग** को २०८१ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ३३,२५,३९,००० | ० | ५,६८,७६,५६५ | ० | ३८,९४,१५,५६५ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : थाक्रे गाउँपालिका, धादिंग , थाक्रे गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Man Bahadur Baral | २०७९-११-२८ | २०८१-२-१४ |
| कार्यालय प्रमुख | Bhisma Kumar Malla | २०८१-२-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रश्मी धिमाल | २०७८-७-२४ | २०८०-८-१२ |
| लेखा प्रमुख | Pawan Kharel | २०८०-८-२४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९,१०७,३७३ | ३४,३१५,६५५ | १३,४५३,५३७ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ५६,८७६,५६५ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ५९३,५५१ |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७५२५०३६९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६२९३८५७१ | **चालु खर्च** | ४४२२०४५८५ |
| **प्रदेश सरकारबाट अनुदान** | ६३७३८००० | **पूँजीगत खर्च** | २०८८३३९५९ |
| **राजश्व बाँडफाँट** | १४३३२८८१७ | **वित्तीय/अन्य व्यवस्था** | १५३०२७५८७ |
| **आन्तरिक आय** | ४३४३८८२७ | | |
| **अन्य आय** | १५५३४१३६० | | |
| **कुल आय** | ७६८७८५५७५ | **कुल खर्च** | ८०४०६६१३१ |
| **बाँकी मौज्दात** | | ३९९६९८१३ | |

## अनुसूची - २

## बेरूजु दफा ९५ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| योजना | निर्माण व्यावसायी | सम्झौता मिति | सम्झौता रकम | सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भई सम्पन्न गर्नुपर्ने मिति | ढिला अवधि | क्षतिपुर्ति रकम |
|---|---|---|---|---|---|---|---|
| धार्के धारेखोला भुजेल गाउँ आचार्यपोखरी कोल्पु सडक | सि एम गौरेश्वर जे भि | ०७७।१२।१६ | ४००४७६०३.९४ | २०७८।५।१६ | दोश्रो पटकको २०८०।१२।२ | ११२ | २२४२६६६ |
| सिम अमर्खु मिलनचोक वेशिभल्टुङ्ग भुमिचुली सडक कालोपत्रे | माता चुनदेवि कन्स्ट्रक्सन | २०७८।११।१३ | ६१३९०६५।६५ | २०७९।१।३० | २०८१।१।९ | ८१ | २४८६३३२ |
| कभर्ड हल र खेलकुद मैदान वडा नं १० | लिति कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २०८०।२।३ | १२८१५८७९।९२ | २०८०।६।३० | २०८०।६।३० | २७० | १७३०१४४ |
| | | | | | कुल जम्मा | | ६४५९१४२ |